Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- १, २०७९ साल साउन ३ गते मंगलबार (July 19, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# नेपालको राजनीतिमा शक्ति राष्ट्रहरुको चलखेल तीव्र

**मोहन कार्की ।**

***समसामयिक टिप्पणी***

काठमाडौ । नेपालको राजनीतिमा शक्ति राष्ट्रहरुको दवाव प्रभाव र चलखेल तिव्र बढिरहेको छ । नेपालमा एमसिसि परियोजना सदनवाट पास गर्नु केही समय अगाडी एमसिसि परियोजनाकी उपाध्यक्ष फतिमा सुमारको नेपाल भ्रमण एमसिसि पास भइसकेपछि अमेरिकी सेनाको प्यासिफिक कमान्डिङ जेनरल चार्ल्स ए फ्लिन को नेपाल भ्रमणमा आएका थिए । एमसिसिको बिषयलाई लियर चीनको बिदेश बिभागले त्यतिनै वेला नेपालको स्वतन्त्र सर्वभौममाथि शक्ति अमेरिकाले दवाव नदिन प्रेस बिज्ञप्तिनै जारी गरेको थियो । नेपालको सदनमा एमसिसि पास भइसकेपछि चीन र अमेरिकाले दुवै शक्ति राष्ट्रले नेपाललाई प्रथामिकतामा राखेर शक्ति सञ्चय गरिरहेका छन् । तर यि दुई शक्ति राष्ट्रले नेपालको हितमा नै काम गरेका भने होइनन् । उनिहरुको आफ्नो अन्तराष्ट्रिय स्वार्थ प्राप्ति गर्नको लागि नेपाललाई रोजेका छन् ।

ति योजनाहरुमा काम गर्ने नेपालमा दुई खालका धार देखिएका छन् । पश्चिमी शक्ति अर्थात अमेरिकी शक्तिको पक्षमा काम गर्ने एकखालका राजनीति पार्टी र अर्को उत्तरी शक्ति चिनियाँ शक्तिको पक्षमा काम गर्ने



राजनीतिक पार्टीहरु बीचमा शक्ति संञ्चय गर्ने होड चलेको प्रष्टै देखिन्छ । तर समग्र बहुसंख्या जनता यस्ता विदेशी होडबाजीको विवादमा देश नमुच्छिओस भन्ने चाहना राख्छन् । तर नेपाली बहुसंख्या जनताको भावनाभन्दा देशको परराष्ट्र नीति बाहिर जान खोजिरहेको देखिन्छ ।

नेपालले अमेरिकासँग अमेरिकाको योजना अनुसारका काम गर्न हस्तक्षर गरिसकेको छ । त्यसैगरी चीनसँग पनि चीनका योजनाहरुसँग काम गर्ने नेपालले केही योजनाहरुमा हस्तक्षर गरिसकेको छ । यस्तो स्थितिमा नेपालले आफ्नो राष्ट्रिय हितलाई प्रथामिकतामा राखेर कुटनीतिक कामहरु गर्नुपर्‍थ्यो तर त्यस्तो परिपक्क कामहरु भएको देखिदैन ।

त्यसकारण नेपालको राष्ट्रिय सुरक्षा तथा संप्रुभौत्तामा अफठ्यारो हुन सक्छ । किनकी यी विश्वका शक्तिशाली राष्ट्रहरु चीन र अमेरिका दुवैले चाहेर गर्ने काममा कसैको केही लाग्दैन । संयुक्त राष्ट्रसंग देखाउनको लागि मात्र हो । त्यस्तो अवस्था आउन नदिन चीन र अमेरिकाको शक्ति आपने सामने हुने वातावरण बन्न दिनु हुदैन । नेपालले गर्नसक्ने यतिवेलाको प्रमुख काम यो नै हो त्यो भनेको कुटनैतिक पहल हो योवाहेक अरु कुनै उपाय नै छैन ।

त्यसकारण अमेरिकाले ल्याएको योजनाहरु नेपाल र नेपाली जनताको हितमा नै भनेको छ । त्यसलाई त्यही ढंङगावाट नेपालले सञ्चालन गर्न दिने, चीनले पनि नेपलको हितमा छिमेकी मुलुको समृद्धी परस्पर सम्बन्ध भनेर नै आफ्ना योजनाहरु जस्तै सिल्क रोडको योजना अगाडी ल्याएको छ नेपालले उसको योजनालाई पनि लिखित भए अनुसारनै काम गर्न दिने । यि दुवैलाइ उनिहरुले गर्न खोजेको भौतिक संरचनाको काम मानवीय हितमा हुने काम नेपालले गर्न दिने तर कुनै मानवीय हित र सम्झौत वाहेकका कुनै गतिविधि छिसिक्क पनि बाँकी ६ पृष्ठमा

# काठमाडौं जिल्ला अदालत बारको अध्यक्षमा पौडेल विजयी

काठमाडौं जिल्ला अदालत बार एसोसिएसनको अध्यक्षमा रामचन्द्र पौडेल लोकप्रिय मतका साथ निर्वाचित भएका छन् । शनिबार काठमाडौंमा भएको निर्वाचनमा कुल १ हजार २ सय ५२ मत खसेकोमा पौडेलले ९ सय ६४ मत ल्याएका हुन् । लोकतान्त्रिक बैचारिक प्रतिष्ठानका केन्द्रीय अध्यक्ष तथा पिपुल्स लिगल एसोसिएट्सका संस्थापक समेत रहेका पौडेलले कानुन व्यवसायीहरुको संस्था डेमोक्रटिक लयर्स एसोसिएसनका तर्फबाट प्रतिनिधित्व गर्दै काठमाडौं जिल्ला अदालत बार एसोसिएसनको अध्यक्षमा लोकप्रिय मतसहित जित हासिल गरेका हुन् ।

यसअघि डेमोक्रटिक लयर्स एसोसिएसन काठमाडौंको असार १८ मा भएको आन्तरिक प्रतिपर्स्धामा जित हासिल गर्दै पौडेल डिएलएका तर्फबाट आधिकारिक उम्मेदवार चयन भएका थिए । न्यायालयलाई जिम्मेवार बनाउँदै पारदर्शी कायम गर्नका साथै पेसागत मर्यादालाई स्थापित गराउँदै सामूहकि शुद्धताको भावनालाई केन्द्रमा राखेर काम गर्ने नवनिर्वाचित अध्यक्ष पौडेलले बताए । अग्रजलाई सम्मान, युवालाई उचित स्थानको भावनाअनुरूप आफ्नो टीमले प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने उनको भनाइ छ ।

पौडेलसँगै बारको सबै पदाधिकारी डिएलबाट नै निर्वाचित भएका छन् । उपाध्यक्षमा डिएलएकै पुरुषोत्तम अधिकारी विजयी भएका छन् । त्यसैगरी सचिवमा उज्वलराम श्रेष्ठ, सहसचिवमा अञ्जु रेग्मी अर्याल र कोषध्यक्षमा सन्तोष भण्डारी निर्वाचित भएका छन् ।

महिला सदस्यहरुमा उमादेवी प्रसाई र गीता श्रेष्ठ यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन् । शनिबार भएको निर्वाचनमा सदस्य पदमा भीष्म निरौला, मदनकुमार दाहाल, संकल्प क्षेत्री, सूर्यमणि राई, सुनील थापा, सूर्यबहादुर दौल्याल, सुवास पाठक, हरिराम लामिछाने, चेतनाथ तिमल्सेना (चेतन), जीवन न्यौपाने, प्रवीण हुमागाई र दीपककुमार साह निर्वाचित भएका छन् ।

योसँगै काठमाडौं जिल्ला अदालत बार एसोसिएसनमा डिएलएकातर्फबाट १९ सदस्यीय कार्यसमिति चयन भएको हो । बाँकी ६ पृष्ठमा

# देउवा र प्रचण्ड सिट बाँडफाँटको तयारी

काठमाडौं । प्रतिनिधि सभाको निर्वाचनको घोषणा अघि नै सत्ता गठबन्धनका दलबीच प्रतिनिधि सभामा सिट बाँडफाँटको टुंगो लगाउने प्रयास घनीभूत भएको छ । ४ मंसिरमा चुनाव गर्न सरकार ठिक्क परेपछि गठबन्धनबीच सिट बाँडफाँटको टुंगो लगाउने गृहकार्य बढेको हो ।

प्रत्यक्षतर्फ चुनाव लड्ने सिट बाँडफाँडमा नेपाली काँग्रेसले ९० देखि १०० सिट लिने र बाँकी गठबन्धनका अन्य दललाई छाड्ने गरी सहमति बन्न लागेको हो । सहमति बनाउन प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष प्रचण्डबीच छलफल हुँदैछ ।

प्रचण्डले काँग्रेसले ९० लिएर ७५ सिट गठबन्धनका अन्य दलले लिने गरी सहमतिको सूत्र तयार गरेको बुझिएको छ । आधा आधा भागवन्डाको कुरा पनि भइरहेको बुझिएको छ । २०७४ को प्रतिनिधि सभा निर्वाचनमा काँग्रेसले प्रत्यक्षतर्फ २३ सिट मात्र जितेको थियो । यसकारण पनि प्रचण्ड र माधव नेपालले काँग्रेसले आधा र गठबन्धनका दलले आधा सिट पाउनुपर्ने अडान लिइरहेको विश्वस्त स्रोतले बताएको छ । सकभर गठबन्धनले प्रतिनिधि सभा र प्रदेश सभामा सिट बाँडफाट टुंगो लगाइहाल्ने योजना बनाएका छन् । अहिले नै सहमति गरेर जाँदा चुनावी तयारी पूरा हुने सम्मको छलफल भएकाले चाँडै कुरा मिलाउने प्रयास चलेको हो । गठबन्धनमा नेपाली काँग्रेसले अधिकतम ९०, नेकपा माओवादी केन्द्रले अधिकतम ४४, नेकपा एसले अधिकतम १८, जसपाले अधिकतम १५ र राष्ट्रिय जनमोर्चाले २ देखि ३ सिटसम्म पाउने गरी छलफलहरु भइरहेको बुझिएको छ ।

पहिलो सिद्धान्त : जसले जितेको छ, उसैलाई छाडिदिने

गत ०७४ सालको चुनावमा एमाले र माओवादीबीच गठबन्धन भएको थियो। त्यसबेला नेपाली कांग्रेस एक्लै चुनाव लडेको थियो। एकाध सिटमा राप्रपा र कांग्रेसको तालमेल भएको थियो। त्यो परिस्थितिमा माओवादीले ३६, नेपाली कांग्रेसले २३, जसपा (हालको उपेन्द्र यादव समूह)ले १०, बाबुरामको नयाँशक्ति र राष्टि्रय जनमोर्चाले १/१ सिट जितेका थिए। अहिलेको सत्ता गठबन्धनमा नरहेको नेकपा एमालेले ८० सिट जितेको थियो, जसमध्ये प्रत्यक्षतर्फका १३ सांसद अहिले एकीकृत समाजवादीमा छन् ।

०७४ कै आधारमा हेर्दा सर्वप्रथम गठबन्धन दलले जितेका सिटहरु उनैलाई दिनुपर्ने हुन्छ । यसो गर्दा माओवादीलाई ३६, कांग्रेसलाई २३, एकीकृत समाजवादीलाई १३, उपेन्द्र यादवलाई १०, बाबुराम भट्टराईलाई २ (महिन्द्र राय यादव पनि उनीतिर आएकाले) र राष्ट्रिय जनमोर्चालाई १ सिट भाग लगाउनुपर्ने हुन्छ । सरकारलाई साथ दिएका स्वतन्त्र सांसद छक्कबहादुर लामाले पनि सरकारलाई साथ दिएकाले उक्त सिट स्वतन्त्रलाई छाडिदिनुपर्ने हुन सक्छ ।

०७४ मा गठबन्धन दलले जितेका सिटहरु तत् तत् दललाई भाग लगाउने हो भने १६५ बाँकी ६ पृष्ठमा

# विदेशी मदिराको अवैध कारोबार उच्च


काठमाडौ । सरकारले तयारी मदिरा आयातमा प्रतिबन्ध लगाएको मौका छोपेर अवैध रुपमा आयातित वस्तुको आयातमा प्रतिबन्ध लगाएको छ । वैधानिक बाटोबाट विदेशी ब्रान्डका मदिरा भित्रिन नपाएको र आयातकर्ता



व्यवसायीसँग भएको स्टक सकिँदै गएकोले अवैध रुपमा मदिरा भित्र्याउने समूह सक्रिय हुन थालिसकेको विदेशी मदिराका अधिकृत विक्रेताहरु बताउँछन् । प्रतिबन्धका कारण आफूहरुले आयात गर्न नपाएको अवस्थामा पनि बाँकी ६ पृष्ठमा

विदेशी मदिराको कारोबार व्यापक हुने जोखिम बढेको सम्बद्ध व्यवसायीले बताएका छन् ।

सरकारले विदेशी मुद्रा सञ्चितिमा चाप परेको भन्दै गत वैशाख १४ गते राजपत्रमा सूचना प्रकाशित गरी तयारी मदिरा लगायत १० किसिमका



‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

### विदेश भ्रमणले नेपालको शिर नझुकोस्

नेपालका नेताहरु देश र जनताको लागि भनेर मञ्चमा कुर्लने गरेको सवैलाई थहा नै छ । तर उनिहरुको क्रियाकलाप भने शंकास्पद हुने गरेको छ ।

त्यस्तै भ्रमण गएको एक हप्तमा देखिएको छ । प्रधानमन्त्री शेर बहादुर देउवाले पत्नी आरजु देउवालाई भारतमा पठाएका थिय र भारत भ्रमण सकेर आरजु फर्कीसकेकी छन् । त्यसैगरी अर्का सत्ता साझेदार माओवादी केन्द्रका अध्यक्ष तथा पुर्व प्रधानमन्त्री समेत भइसकेका प्रचण्डको भारत भ्रमण भई सकेको छ । त्यो भारत भ्रमण चिनियाँ कम्युनिष्ट पार्टीका विदेश बिभाग प्रमुख नेपाल भ्रमण हुने समयमा आरजु भारत भ्रमणमा थिइन भने माओवादी केन्द्रका अध्यक्ष तथा पुर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) चिनियाँ कम्युनिष्ट पार्टीका विदेश बिभाग प्रमखसँग भेट गरेपछि भारत भ्रमणमा गएका थिए ।

भारत भ्रमणमा जाने यि दुई प्रतिनिधिहरु फरक फरक पार्टीका भएपनि यतिवेला सत्तासझेदार हुन् । त्यसैले उनिहरुको उदेश्य जनता र देशको हितमा भएको हुनुपर्छ । नेपाली जनताले त्यही बुझेका थिए ।

तर प्रधानमन्त्री पत्नीको भारत भ्रमण के उदेश्यका लागि थियो र पुर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पनि भ्रमण के उदेश्यका लागि थियो बाहिर आएको छैन ।

हल्ला चै मोदीले भेट नदिएको भारतले नेपालका पुर्व प्रधानमन्त्रीलाई वस्ता नगरेको भन्ने हल्लाहरु बजारभरी छन् । यो सार्वजानिक पदधारण गरेका र नेपालको प्रतिनिधित्व गरिरहेका ब्यक्तिहरुको भ्रमणमा यस्ता हल्ला बजारमा आउनु र यति हल्ला तरिकाले बिदेशको कुटनीतिसँग तालमेल गर्न नसक्नु आफैमा लज्जास्पद त हुदै हो । अर्को नेपालको उच्च शान प्रदर्शन गर्न नसक्नुले प्रचण्ड र आरजुको भारत भ्रमणले नेपालको साखः गिराएको छ । जतिसुकै दुखः र अभावमा पनि नेपालले विगतका तानाशाही, नोकरशाही एकतन्त्रीय जाहानियाँ साशन भनेर आरोपित साशन ब्यवस्थाका साशकहरुले कहिल्यै नेपालको शिर झुक्न दिएका थिएनन् । अन्तराष्ट्रियस्तरमा नेपालको शान रहेको थियो ।

गणत्रान्त्रिक मुलुक भइसकेको मुलुक नेपालले त निक्कै अनुभवले खारिएको हुनुपर्ने र नेपालको विदेश भ्रमणहरु गर्दा कुटनैतिक पोटफोलियोको ख्याल गर्नुपर्ने र विदेश जादा के कामका लागि जाने हो त्यसको टुङगो गरेर कोसँग कसरी भेट्ने ति भेटहरुमा देश र जनताको पक्षमा काम गर्न पुर्व तयारी गरेर जानुपर्ने हो । ति पुर्व तयारीमा जादा देश र जनताको पक्षमा काम गरेर आउने अवस्थाको समेत तयारी गरेर काम सम्पन्न गरी नेपालीहरु भनेका यतिधेरै ब्यवस्थित हुन्छन् भन्ने गरी अन्तराष्ट्रियस्तरमा नेपालको शान बढाउनु पर्ने हो । जसरी विगतका नेपालको कुटनीतिहरुले नेपालको शान बढाएका थिए । त्यो इतिहासलाई कायमा राख्न सक्नुपर्छ ।

तर नेपालका पछिल्ला घटनाहरु हेर्दा देशकै प्रतिनिधित्व गरिरहेका ब्यक्तिहरु नै हल्ला तरिकाले कुनै योजना बिनापनि विदेश भ्रमण गरेर नेपालको शान गिराउने गरेको देखिन थालेको छ । यस्ता घटना दोहोरिदै गएर नेपालले शिर झुकाउनुपर्ने दिन नआओस् । यस्ता घटना घटिसकेपछि पुनः सचेत हुदै विदेश भ्रमण गर्दा अपनाउनु पर्ने तरिकाहरु अपनाउन सकुन् ।

# हालसम्मकै उच्च मूल्यवृद्धि र बढ्दो चुनौती

**शंकरमान सिंह**

मूल्यवृद्धि मुद्रास्फीतिले एक निश्चित अवधिमा, सामान्यतया एक वर्षमा वस्तु र सेवाहरूको एकाइ कति महँगो भएको मापन गर्छ । यो अर्थशास्त्रमा सबैभन्दा परिचित शब्दहरूमध्ये एक हो । मुद्रास्फीतिले देशहरूलाई लामो समयसम्म अस्थिरतामा डुबाएको छ । राजनीतिज्ञहरूले मुद्रास्फीति विरुद्ध लड्ने वाचा गरेर चुनाव जितेका हुन्छन्, त्यसो गर्न असफल भएपछि मात्र सत्ता गुमाउने गर्छन् ।

> **नेपालमा चालू आर्थिक वर्षको ११ औं महिना जेठमा महँगीले आकाश छोएको थियो, तर रेमिट्यान्स आयमा थोरै सुधार तथा वैशाखको तुलनामा विदेशी मुद्रा सञ्चितिमा आंशिक सुधार आएको देखिन्छ । २०७९ जेठ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.५६ प्रतिशत पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको जेठमा मुद्रास्फीति ४.१९ प्रतिशत रहेको थियो । रूस तथा युक्रेनको युद्धका कारण विश्वभर सिर्जना भएको आपूर्ति प्रणालीको समस्या तथा नेपालमा नै पनि उत्पादनमा कमी आएका कारण आयातित अर्थतन्त्र रहेको नेपालमा महँगी बढेको हो भन्नुमा अत्युक्ति नहोला । सरसरी हेर्दा वैशाखमा उपभोक्ता मूल्यवृद्धि ७.८७ प्रतिशत रहेकामा जेठमा आइपुग्दा ८.५६ प्रतिशत पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । जेठमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४३ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.४४ प्रतिशत रहेको छ, जसका कारण जेठ मसान्तसम्म वार्षिक बिन्दुगत मासिक औसत मुद्रास्फीति ६.०९ प्रतिशत रहेको छ ।**

नेपालमा चालू आर्थिक वर्षको ११ औं महिना जेठमा महँगीले आकाश छोएको थियो, तर रेमिट्यान्स आयमा थोरै सुधार तथा वैशाखको तुलनामा विदेशी मुद्रा सञ्चितिमा आंशिक सुधार आएको देखिन्छ । २०७९ जेठ महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ८.५६ प्रतिशत पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको जेठमा मुद्रास्फीति ४.१९ प्रतिशत रहेको थियो ।

रूस तथा युक्रेनको युद्धका कारण विश्वभर सिर्जना भएको आपूर्ति प्रणालीको समस्या तथा नेपालमा नै पनि उत्पादनमा कमी आएका कारण आयातित अर्थतन्त्र रहेको नेपालमा महँगी बढेको हो भन्नुमा अत्युक्ति नहोला ।

सरसरी हेर्दा वैशाखमा उपभोक्ता मूल्यवृद्धि ७.८७ प्रतिशत रहेकामा जेठमा आइपुग्दा ८.५६ प्रतिशत पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ । जेठमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४३ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ९.४४ प्रतिशत रहेको छ, जसका कारण जेठ मसान्तसम्म वार्षिक बिन्दुगत मासिक औसत मुद्रास्फीति ६.०९ प्रतिशत रहेको छ ।

जेठमा सबैभन्दा महँगी हिमालमा बढेको छ । राष्ट्र बैंकका अनुसार काठमाडौं उपत्यकामा ८.३२ प्रतिशत, तराईमा ८.२९ प्रतिशत, पहाडमा ९.२८ प्रतिशत र हिमालमा ८.९२ प्रतिशत मुद्रास्फीति रहेको छ । तुलनात्मक रूपमा हेर्ने हो भने २०७८ जेठमा यी क्षेत्रहरूमा क्रमशः ३.८७ प्रतिशत, ४.४७ प्रतिशत, ४.३२ प्रतिशत र १.७२ प्रतिशत मुद्रास्फीति रहेको तथ्यांकले देखाउँछ ।

साथै, जेठमा निर्माण सामग्रीको थोक मूल्यवृद्धि २५.२५ प्रतिशत रहेको छ भने तलब तथा ज्यालादर सूचकांक वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकांक ८.५० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकांक १.९८ प्रतिशतले बढेको थियो ।

यसले आपूर्ति शृङ्खलालाई असर गर्छ र समग्र उपभोग्य वस्तुको मुद्रास्फीति बढाउनेछ र क्रयशक्ति घटाउँछ, जसले गरिब जनतालाई आफ्नो खानाको लागि अझ गाह्रो बनाउँछ ।

नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि २०४६ सालयता र हालैका सरकारहरूबाट समेत प्रत्येक वर्ष अर्थमन्त्रीले अत्यावश्यक वस्तुहरूको मूल्य बढ्न नदिने र नियन्त्रणभित्र राख्ने आश्वासन दिए पनि व्यवहारमा ती कुरा लागू हुन सकेको देखिँदैन । अर्थशास्त्रीहरू द्वारा भनिने उच्च दरको मूल्यवृद्धिबाट हुने नकारात्मक परिणामहरूको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी यो मूल्यस्फीतिको दर विगतका वर्षहरूमा तीव्रतर हुँदै जाने क्रम देखा परेको छ ।

सामान लुट्ने लुटेरा र मुद्रास्फीतिबीचमा समानता रहेको केही विद्वान् लेखकहरू बताउँछन् । यी दुईबीचमा खास भिन्नता के छ भने लुटेराहरू दृश्यवान् हुन्छन्, मुद्रास्फीति अदृश्य हुन्छ । लुटेराबाट हुने एक जना वा केही व्यक्ति पीडित हुन्छन् भने मुद्रास्फीतिबाट सारा राष्ट्रलाई पीडा हुन्छ । लुटेरा अदालतको कठघरामा उभिनुपर्ने हुन्छ तर मूल्यस्फीति कानुनतः मान्य हुन्छ ।

२०७८ असार मसान्तमा १३ खर्ब ९९ अर्ब ३ करोड रुपैयाँबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १५.९ प्रतिशतले घटेर जेठ २०७९ मा ११ खर्ब ७६ अर्ब ८४ करोड रुपैयाँ कायम भएको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकमा देखिन्छ ।

असारको तुलनामा अझै कम भए पनि जेठ मसान्तमा आइपुग्दा ११ खर्ब ७६ अर्ब ८४ करोड रुपैयाँबराबरको विदेशी मुद्रा सञ्चिति कायम भएको छ । वैशाख मसान्तमा विदेशी मुद्रा सञ्चिति ११ खर्ब ४६ अर्ब ८८ करोड रुपैयाँ बराबर थियो ।

सरकार तथा केन्द्रीय बैंकले आयातमा गरेको कडाइका कारण एकै महिनामा २९ अर्ब ९६ करोड रुपैयाँबराबरको सञ्चिति बढेको छ । सरकारले वैशाखदेखि केही वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो भने राष्ट्र बैंकले गत पुसदेखि नै ती वस्तुको आयात गर्न जाने कर्जामा कडाइ थालेको थियो । आर्थिक वर्ष २०७८/७९ को जेठ महिनाको आयातलाई आधार मान्दा हाल कायम विदेशी मुद्रा सञ्चितिले ७.५३ महिनाको वस्तु आयात र ६.७३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने नेपाल राष्ट्र बैंकले जनाएको छ । केही सन्तोष लिने ठाउँ छ । जेठ मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः २४.३ प्रतिशत, ५६.१ प्रतिशत र २२.० प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा यी अनुपातहरू क्रमशः ३२.७ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ ।

जेठमा देशमा भित्रिने र बाहिरिने रकमबीचको अन्तर अर्थात् शोधनान्तर स्थितिको बढ्दो घाटामा पनि केही कमी आएको छ । वैशाखमा २ खर्ब ८८ अर्बले घाटामा रहेको शोधनान्तर घाटा जेठमा घटेर २ खर्ब ६९ अर्बमा सीमित भएको छ । साथै, राष्ट्र बैंकका अनुसार जेठमा सूचकमा सुधार देखिए पनि अझै चालू खाता ५ खर्ब ९५ अर्बले घाटामा छ ।

लगातार घटिरहेको रेमिट्यान्स आयमा पनि जेठ महिनामा केही सुधार आएको छ । नेपाल राष्ट्र बैंकका अनुसार जेठ महिनामा रेमिट्यान्स आय ३.८ प्रतिशतले वृद्धि भई ९०४ अर्ब १८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आय १२.६ प्रतिशतले बढेको थियो ।

हाल सालै सरकारमा रहेका मन्त्री पदाधिकारीदेखि सबैको एउटै भनाइ आइरहेको छ, देश श्रीलंका हुँदै छ । सबैबाट यो भ्रम फैलाउने प्रयास भइरहेको छ । उनीहरूका भनाइमा नेपालको अवस्था त्यस्तो छैन । यो ठाउँमा कामना गर्नुपर्छ त्यस्तो नहोस् । यसले शासकलाई भन्दा आम नागरिकलाई दुख कष्ट दिँदो रहेछ ।

अन्य कुरामा हुबहु स्थिति त्यस्तो नहोला तर सुशासन व्यवस्थापन गर्न नसक्नुमा त नेपालको अवस्था पनि मिल्दोजुल्दो नै छ भन्न कर लाग्छ । मूल्यवृद्धि पनि छोइनसक्नु नै छ । सरकारी अनुगमन प्रभावकारी छैन । महँगी किन बढिरहेको छ भन्ने कसैलाई थाहा छैन । बाहिरी कारण बताएर पन्छिने र मितव्ययिता सम्बन्धी नीति भए पनि लागू नगर्न, सो हुन सरकारले प्रेरित पनि गरेको आभास नहुने र बजेटले विस्तारकारी कार्यक्रम ल्याउने, मौद्रिक नीति देशको अर्थतन्त्र जोगाउन संकुचित हुनुपर्ने कटु वास्तविकता रहेको छ ।

कुनै पनि सरकारको नीति गलत भयो भने के हुन्छ भन्ने उदाहरण हो श्रीलंका । केही भारतीय मिडियाले श्रीलंकाबाट श्री हटेको र लंकामात्र रहेको सांकेतिक भनाइसमेत सार्वनिक गरेका छन् । केही दिनअघि मात्रै त्यो देशमा प्रदर्शनकारीले राष्ट्रपति निवासमा प्रवेश गरे । त्यहाँको ‘स्वीमिङ पुल’मा पौडिँदै रमाए पनि र राष्ट्रपतिको शयनकक्षमा एकछिन सुतेर र ‘सेल्फी’ खिचेको भिडियो सामाजिक सञ्जालमा अझै पनि भाइरल भइरहेको छ ।

नेपालमा खासगरी सत्ता चलाइरहेका दलहरू, विपक्षी र तिनका नेतामा जिम्मेवारीबोधको कमी छ भन्ने मत सार्वजनिक भएको छ ।

दक्षिण एसियामा सबैले सिक्ने पाठ भनेको राजनीतिक नेतृत्व अपारदर्शी र अनुत्तरदायी हुनु हुँदैन भन्ने नै हो ।

> **नेपालकै सन्दर्भमा हेर्ने हो भने पनि २०४६ सालयता र हालैका सरकारहरूबाट समेत प्रत्येक वर्ष अर्थमन्त्रीले अत्यावश्यक वस्तुहरूको मूल्य बढ्न नदिने र नियन्त्रणभित्र राख्ने आश्वासन दिए पनि ब्यवहारमा ती कुरा लागू हुन सकेको देखिँदैन । अर्थशास्त्रीहरू द्वारा भनिने उच्च दरको मूल्यवृद्धिबाट हुने नकारात्मक परिणामहरूको बोध हुँदाहुँदै पनि त्यसलाई रोक्न नसकी यो मूल्यस्फीतिको दर विगतका वर्षहरूमा तीव्रतर हुँदै जाने क्रम देखा परेको छ । सामान लुट्ने लुटेरा र मुद्रास्फीतिबीचमा समानता रहेको केही विद्वान् लेखकहरू बताउँछन् । यी दुईबीचमा खास भिन्नता के छ भने लुटेराहरू दृश्यवान् हुन्छन्, मुद्रास्फीति अदृश्य हुन्छ । लुटेराबाट हुने एक जना वा केही ब्यक्ति पीडित हुन्छन् भने मुद्रास्फीतिबाट सारा राष्ट्रलाई पीडा हुन्छ । लुटेरा अदालतको कठघरामा उभिनुपर्ने हुन्छ तर मूल्यस्फीति कानुनतः मान्य हुन्छ । २०७८ असार मसान्तमा १३ खर्ब ९९ अर्ब ३ करोड रुपैयाँबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १५.९ प्रतिशतले घटेर जेठ २०७९ मा ११ खर्ब ७६ अर्ब ८४ करोड रुपैयाँ कायम भएको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकमा देखिन्छ ।**

अनुत्तरदायी र अपारदर्शी राजनीतिले विद्रोह जन्माउँछ भन्ने उदाहरण विगतमा धेरै ठाउँमा देखिइसकिएको छ । श्रीलंका पछिल्लो उदाहरण हो ।

दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धिले उपभोक्ता मर्कामा परेका बेला नेपाल आयल निगमले हालै पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको जीवनस्तर झनै नाजुक बनाएको छ ।

विकास भनेको गरिब जनताको संलग्नताबिना सम्भव हुँदैन । विकास प्रयास अगाडि बढाउनका लागि गरिब जनताको उत्पादनशील क्षमताको अनुकूलतम प्रयोग गर्नु अनिवार्य हुन्छ ।

गरिबीको दुष्चक्रबाट सबैबाट प्रताडित हुने महिला वर्ग हो । किनकि महिला नै सबैभन्दा गरिब हुन्छन् । जब(जब आर्थिक अवस्था बिग्रँदै जान्छ तब(तब बढी संख्यामा पुरुषहरू कामको सिलसिलामा देश छोडी बिदेसिनुपर्छ । महिलाहरू जो महत्वपूर्ण खाद्य उत्पादक हुन् र जो आयआर्जन गर्ने व्यक्ति हुन्, उनीहरूले आफ्नो परिवार र समाजको उन्नतिको गहनतम जिम्मेवारी बोक्नुपर्छ । तसर्थ गरिबीको समस्यालाई लैंगिक समस्याबाट अलग राखेर हेर्न सकिँदैन । के यो स्पष्ट छैन कि मुद्रास्फीतिको मापन व्यावहारिक छैन र अधिक महत्वपूर्ण कुरा, वास्तविकता प्रतिविम्बित गर्दैन । यो समय आयो कि अर्थशास्त्री, वरिष्ठ सल्लाहकार, नेपाल राष्ट्र बैंकका सल्लाहकार र सिंहदरबारले मुद्रास्फीतिलाई गतिशील संस्थाको रूपमा हेर्नुपर्छ र उनीहरूको सिद्धान्तलाई निरन्तर अपडेट गर्नुपर्छ ।

नेपालको राजनीतिक(आर्थिक अवस्थालाई हेरेर, जहाँ हुने र नहुनेबीचको अन्तर एकदमै बढेको छ, यस्तै सहरी क्षेत्रहरूमा पनि त्यहाँ मानिसहरू छन् जससँग मोटरकार, सेलुलर फोन र त्यहाँको पहुँचको अन्तर छ । यी तीता वास्तविकताहरूका आधारमा नेपाललाई तीन प्रकारका उपभोक्ता मूल्य सूचकांकको आवश्यकता छ ।

संक्षेपमा, यो उपभोक्ता मूल्य सूचकांक वास्तविक उपभोग बान्कीमा आधारित हुनुपर्छ । गरिबीको रेखामुनि निम्नका लागि; मध्यम वर्ग र समाजका धनी वर्गहरूका लागि फरक(फरक हुनुपर्छ । यसले केवल उपभोक्ता न्याय सुनिश्चित गर्न मद्दत गर्छ, जुन विभिन्न राजनीतिक दलद्वारा निर्वाचनका बखत उनीहरूको घोषणापत्रमा घोषणा गरिएको थियो । उपभोक्ता मूल्य सूचकांकका बारेमा केही खराब सेवा आंशिक रूपमा पुरातन संरचना र अप्रचलित प्रविधि र दर्शनका लागि जिम्मेवार छ । तर, धेरैजसो भागमा, गल्ती संस्थागत र मानव सफ्टवेयरको असक्षमताको साथ छ । कमजोर प्रोत्साहन, नियामक क्षमताको अभाव, र सम्बन्धित संगठनमा ‘नेतृत्व कारक’ को अनुपस्थिति उपभोक्ता मूल्य सूचकांकमा कुप्रभावका केही प्रसिद्ध क्षेत्रहरू हुन् । कारोवार

# भ्रष्टाचार : कानुनी, नैतिक र व्यावहारिक पक्ष

**रमेश घिमिरे**

कुनै कर्मचारी १ हजार रुपैयाँ भ्रष्टाचार गरेर बर्खास्ती हुन्छन् । कुनै कर्मचारी करोडौं रुपैयाँ भ्रष्टाचार गरेर पनि केही हुँदैन । कुनै कर्मचारी छानबिन सुरु गरेपछि आत्महत्या गर्छन् । यस्तो किन हुन्छ ? यस लेखमा भ्रष्टाचारको नैतिक, सैद्धान्तिक, कानुनी र व्यावहारिक पक्षबीचको विरोधाभासबारे विवेचना गर्ने प्रयास गरिएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संस्थागत व्यवस्थाका रूपमा सवैधानिक अंग अख्तियार दुरुपयोग अनुसन्धान आयोग र कानुनी व्यवस्थाका रूपमा भ्रष्टाचार नियन्त्रण ऐन, २०५९ रहेको छ । कानुनले राज्य कोषको पैसा कर्मचारीले व्यक्तिगत लाभका लागि दुरुपयोग गर्ने कार्य र सेवाग्राहीबाट घूस लिने कार्यलाई भ्रष्टाचार मानेको छ । राज्य कोषको पैसा कर्मचारीको तलब सुविधा भत्ता, कार्यालय सञ्चालन र विकास निर्माण कार्यमा खर्च हुन्छ । त्यस क्रममा कानुन विपरीत कर्मचारीले निजी लाभ लिने गरी खर्च गर्ने कार्यलाई भ्रष्टाचार मानिएको छ । तर, कतिपय अवस्थामा व्यक्तिगत लाभ वा सार्वजनिक हितका लागि खर्च गऱ्यो भन्ने छुट्टिन कठिन हुन्छ । कार्यालय सञ्चालनका लागि सरसामानहरू खरिद गर्नुपर्छ । विकास निर्माणका लागि निर्माण व्यवसायीसँग निर्माण कार्य खरिद गर्नुपर्छ । कार्यालय सरसामान र निर्माण सामग्रीको अधिकतम दरभाउ निर्धारण गरिएको हुन्छ । कुनै पनि सामान वा सेवा खरिद गर्नुअघि कार्यालयलाई आवश्यक गुणस्तर, संख्या र समय निर्धारण गरिन्छ । त्यो सामान वा सेवा खरिद गर्न खुला प्रतिस्पर्धा गराइन्छ । प्रतिस्पर्धामा सबैभन्दा कम दरभाउ पेस गर्ने आपूर्तिकर्ता वा निर्माण व्यवसायीसँग खरिद गर्ने सम्झौता हुन्छ । वस्तु वा सेवा खरिद गर्ने क्रममा सम्झौतापूर्व र सम्झौतापश्चात् गरी दुई चरणमा भ्रष्टाचारको सम्भावना हुन्छ । सम्झौतापश्चात् गुणस्तर र संख्या कम गरेर भ्रष्टाचार हुन सक्छ । सम्झौतापूर्व प्रतिस्पर्धालाई सीमित गर्ने गरी सरसामानको विशेषता वा आपूर्तिकर्ताको योग्यता निर्धारण गरेर भ्रष्टाचार हुन सक्छ । सरकारी कार्यालयहरूले सेवाग्राहीलाई निःशुल्क वा सशुल्क सेवा दिन्छन् । सेवा प्रवाहको क्रममा कर्मचारीले सेवाग्राहीबाट अतिरिक्त पैसा लिन्छन् भने त्यो भ्रष्टाचार हुन्छ । यहाँ कर्मचारीले राज्यकोषको पैसा होइन, जनताको पैसा लिएको हुन्छ । सरकारले जति मूल्यमा वस्तु वा सेवा पाउनुपर्ने हो, त्योभन्दा बढी मूल्य पर्नु एक प्रकारको भ्रष्टाचार हो । त्यस्तै, जनताले जति मूल्यमा सरकारी सेवा वा वस्तु पाउनुपर्ने हो, त्योभन्दा बढी मूल्य पर्नु अर्को प्रकारको भ्रष्टाचार हो ।

कर्मचारीले कहींकतै भ्रष्टाचार गरेको त देखिएन, तर वास्तवमा कर्मचारीले भ्रष्टाचार गरेको हो भने कानुनको दायरामा ल्याउने तेस्रो विधि छ । ऊसँग भएको धनसम्पत्तिको वैध स्रोत देखाउन नसके भ्रष्टाचार गरेर कमाएको मानिन्छ । असल नियतले काम गर्दा पनि भ्रष्टाचार हुन सक्छ । कार्यालयको हित सम्झेर निजी लाभ नसोची गरेका निर्णयले कहींकतै सरकारलाई हानि(नोक्सानी भएको हुन सक्छ । यस्तो अवस्थामा सजायबाट छुट हुन सक्ने व्यवस्था कानुनमा छ । कतिपय अवस्थामा भने बदनियत नराखी काम गर्दा पनि छुट नपाउने भ्रष्टाचार हुन्छ । सहभागितामूलक निर्णयमा एक व्यक्तिले भ्रष्टाचार गर्ने गरी विषयवस्तु उठान गरेको हुन सक्छ । त्यसमा हस्ताक्षर गर्दा सबै भ्रष्टाचारी हुन्छन् । त्यस्तै, प्रणालीमै संस्थागत भ्रष्टाचार रहेको अवस्थामा एक कर्मचारीले असल नियत राखे पनि भ्रष्टाचारबाट मुक्त हुन सक्दैन । एक जना सिस्टमअनुसार नचल्ने हो भने कार्यालयको काममा भन् बाधा आउन सक्छ । यस्तो अवस्थामा असल नियत भएको कर्मचारीले कार्यालय र सेवाग्राहीको हितका लागि भ्रष्टाचारको मौन स्वीकार गर्न सक्छ । सरकारी कार्यालयमा जोखिमरहित भ्रष्टाचार पनि हुन्छन् । अतिरिक्त समय हाजिर गरेबापत भत्ता पाउने, भत्ता पाउने काजमा जाने, भत्ता र खर्च पाउने गरी अनावश्यक देशविदेश भ्रमण गर्ने, समिति/ उपसमिति बनाएर भत्ता खाने, आवास सुविधा, यातायात सुविधाजस्ता अनेक नाममा सुविधा पाउने निर्णय गराउने शून्य जोखिमका भ्रष्टाचार हुन् । जोखिम लिने वर्गका कर्मचारीले सरकारको १ प्रतिशत खर्च बढाए पनि भ्रष्टाचारको कसुरमा सजाय हुन्छ । दोस्रो वर्गका कर्मचारीले सरकारको १ सय प्रतिशत खर्च बढाए पनि भ्रष्टाचारको कसुरमा सजाय हुँदैन । यस्तो पैसा बेरुजु भएर फिर्ता गर्नुपर्नेसम्म हुन सक्छ ।

सजायको व्यवस्थालाई हेर्दा नेपालको कानुनले भ्रष्टाचारलाई नैतिकतासँग जोडेको जस्तो देखिन्छ । नैतिकता र सदाचारको दृष्टिकोणले १ रुपैयाँ अपव्यय गरे पनि भ्रष्टाचारै हो । कानुनतः १ रुपैयाँ भ्रष्टाचार भए पनि जफत र जरिवाना साथै जेल सजाय र जागिरबाट बर्खास्त हुन्छ ।

१ रुपैयाँ पनि घूस लिन्नँ, भ्रष्टाचार पनि गर्दिनँ, नियमअनुसार पाउने पैसा मात्र लिन्छु भन्ने अनि पहुँचको आधारमा निर्णय गराएर अनावश्यक सुविधा र भत्ता लिने कार्य नैतिकताको आधारमा भ्रष्टाचार नै हो । तर, यो भ्रष्टाचार नेपालको कानुनको दायरामा आउँदैन । साथै, कामै नगरी वा निर्णय नै नगरी बस्नु वास्तवमा झन् ठूलो भ्रष्टाचार हो । किनकि यसले गर्दा जनताले छिटो र सस्तोमा पाउनुपर्ने सेवा ढिलो र महँगो हुन्छ । सरकारले पनि छिटो र कम खर्चमा पाउने वस्तु वा सेवा ढिलो र महँगो हुन्छ । यो भ्रष्टाचार पनि कानुनको दायरामा आउँदैन । काम गर्दा बदनियत नराखे पनि ज्ञान, क्षमता, बुद्धि, विवेक र समय अपुगको कारण भ्रष्टाचारको परिभाषामा पर्ने कार्य हुन सक्छ । जति धेरै काम गऱ्यो, उति त्रुटि हुन सक्छ । कामै नगरी बसे त्रुटि नै हुँदैन ।

जिम्मेवारी पूरा गर्न न्यूनतम दक्षता, सीप, क्षमता विकास नगर्ने, माथिल्लो तहबाट निर्णय गराएर नाजायज भत्ता सुविधा लिने, जिम्मेवारी पूरा नगर्ने र जोखिम हुन्छ भनेर काम ढिला वा आलटाल गर्ने वर्गका कर्मचारी भ्रष्टाचारीको पहिलो सूचीमा पर्नुपर्ने हो । तर कानुनतः उनीहरू सुरक्षित हुन्छन् । सरकारको उद्देश्य न्यायोचित सेवा, उत्पादन र उपभोग वृद्धि गराई समग्र आर्थिक वृद्धि गराउनु हो । कर्मचारीको कार्यसम्पादनबाट प्राप्त हुने अन्तिम परिणामको आधारमा राष्ट्रलाई कति लाभ(हानि भयो भनेर मूल्यांकन गर्ने हो कि कार्यसम्पादन गर्दा भ्रष्टाचार भयो कि भएन भनेर मूल्यांकन गर्ने हो ? अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई देखाएर कामबाट पन्छिने, जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति व्याप्त छ । भ्रष्टाचार नियन्त्रण गर्न खोलिएको निकायको उपस्थितिले सरकारी सेवाप्रवाह छिटोछरितो, मितव्ययी, प्रभावकारी हुनुपर्ने हो । तर, यहाँ त उल्टो भएको छ । विश्वका कतिपय देशमा पेटी करप्सनलाई फरक ढंगले हेरिन्छ । काम गर्ने कर्मचारीले कमिसन पाउने व्यवस्था छ । सेवाग्राहीले खुसी भएर दिएको रकमलाई टिप्स मान्ने गरिन्छ । यसबाट कर्मचारी काम गर्न र सेवा प्रवाह गर्न अग्रसर हुन्छन् भन्ने मान्यता राखिन्छ । मह काढ्नेले हात चाट्छ भन्ने नेपाली समाजले स्वीकार गरेको उखान हो । सेवा मन पऱ्यो भने टिप्स दिने संस्कार नेपाली समाजकै मूल्य हो । संस्कार, प्रथा र सामाजिक मूल्यविपरीत कानुन निर्माण गर्दा त्यसको कार्यान्वयनमा जटिलता आउँछन् । सरकारी सेवामा भ्रष्टाचार केलाई मान्ने भन्ने विषयगत प्रश्न हो । भ्रष्टाचार नियन्त्रणको सम्बन्धमा नेपाली कानुनमा रहेका अप्रस्ट र अन्योलपूर्ण व्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट रोचक फैसला र नजिरहरू स्थापित भएका छन् । त्यसमध्ये दुईवटा घटना यहाँ चर्चा गरिन्छ । २०६८ सालमा नुवाकोटमा एक निर्माण व्यवसायीले आफूले गरेको कामको भुक्तानी पाउन कार्यालय प्रमुखलाई २५ प्रतिशत घूस दिनुपरेको उजुरी गरे । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वनभोजको क्रममा कार्यालय प्रमुखले घूस लिएको अनुसन्धान प्रतिवेदनसहित मुद्दा दायर गऱ्यो । सर्वोच्च अदालतले वनभोजको समयमा लिएको पैसा सरकारी कर्मचारीको हैसियतले लिएको ठहर नहुने नजिर स्थापित गरिदियो ।

त्यसपछि आयोगले स्टिङ अपरेसनको नियमावली ल्यायो । आयोगले कर्मचारीलाई घूस दिने पैसा सेवाग्राहीलाई उपलब्ध गराउन थाल्यो । सेवाग्राहीले कार्यालयमै कर्मचारीलाई घूस दिने र आयोगले प्रमाण रेकर्ड गर्ने विधि अपनाइयो । २०७८ सालमा सर्वोच्च अदालतले स्टिङ अपरेसनलाई पनि अवैध फैसला गरिदियो । घूस दिने र लिने दुवै कार्य कसुरजन्य हुन्छ । आयोगले नै घूसको लागि पैसा उपलब्ध गराएर विपक्षीलाई दोषी देखाउन मिल्दैन भन्ने सर्वोच्चले ठहर गऱ्यो ।

सानो कसुरलाई बढी सजाय गर्ने कानुनी व्यवस्थाले कसुर नियन्त्रण हुँदैन । जुन कसुरले समाजलाई जति गम्भीर क्षति गर्छ, त्यसलाई त्यति गम्भीर कसुर मान्नुपर्छ । जुन कसुरलाई जति कम सजायले नियन्त्रण गर्न सकिन्छ, त्यति कम सजायले नियन्त्रण गर्ने प्रयत्न गर्नुपर्छ । नेपालको भ्रष्टाचार विरुद्धको कानुनलाई यसैअनुरूप व्यवस्थापन गर्न सकियो भने मात्र जनताले तिरेको करको सही सदुपयोग भई राष्ट्रले उच्च प्रतिफल प्राप्त गर्न सक्छ । कारोबार


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी

**नेपाल आयल निगम लि. को**

**अति आवश्यक जानकारी**

**एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।**

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं ।
साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :**




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

**नेपाल आयल निगम लि.**

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१


# रामेछाप डायरी

## राष्ट्रिय सेवा दलको तालिममा रामेछापका दुई विद्यालय

रामेछाप । विद्यार्थीलाई समाजप्रति उदत्तरदायी बनाउने मुख्य उद्देश्यसहित नेपाली सेनाको राष्ट्रिय सेवा दलले रामेछापको दुई विद्यालयमा जुनियर डिभिजन प्रशिक्षण सुरु गरेको छ । रामेछाप नगरपालिकाको श्री मावि र मन्थली माविका ३६/३६ जना गरी ७२ जना विद्यार्थीलाई प्रशिक्षणमा सहभागी भएका छन् । अनुशासन नै राष्ट्र सेवाको मुल जड हो भन्ने आदेश बाक्य बोकेको राष्ट्रिय सेवा दलको जुनियर डिभिजन प्रशिक्षण सुरु भएको श्री नयाँ गोरख गणका गणपति प्रमुख सेनानी विष्णु सापकोटाले बताए ।आज एक कार्यक्रमकोबीच एनसीसीको प्रशिक्षणको सापकोटाले शुभारम्भ गरेका छन् ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै गणपति सापकोटाले विद्यार्थीले यस कार्यक्रमबाट अनुशासन, देशभक्ति, इमान्दारिता बफादारिता नेतृत्व क्षमताको विकास हुने बताए । उनले विद्यार्थीमा आत्मविश्वास, आत्मरक्षा तथा अन्य विषयमा महत्वपूर्ण ज्ञान हासिल गर्ने विश्वास व्यक्त गरे । सापकोटाले यस प्रशिक्षणमा उत्कृष्ट हुने विद्यार्थीहरुले युथ एक्सचेन्ज प्रोग्राम अन्तर्गत विभिन्न देशहरमा भ्रमणको अवसर पाउने बताए । साथै प्रशिक्षण कार्यक्रम अर्न्तत उत्कृष्ट हुने विद्यालयको प्लाटुनको विधामा ट्रफी र पुरस्कार समेत प्राप्त गर्न सक्नेछन ।

## रामेछापमा ११ हजार सवारी साधनमाथि कारवाही

रामेछाप । रामेछाप जिल्लामा यस आर्थिक बर्षमा ११ हजार ९५० सवारी साधनमाथि कारवाही भएको छ । ट्राफिक नियम विपरित सवारी साधन चलाउने चालकमाथि जिल्ला ट्राफिक प्रहरी कार्यालयले अभियानकै रुपमा अघि बढाएको छ । साना ठूला गरी ११ हजार ९५० सवारी साधनमाथि कारवाही गरेर ट्राफिक प्रहरिले १ करोड ७ लाख ४५ हजार रुपैयाँ राजश्व संकलन गरको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका इन्चार्ज चन्द्र कुमार फाँजु श्रेष्ठले नियम विपरित सवारी साधन सञ्चालन गर्नेमाथि आफूहरुले अभियानकै रुपमा कारवाही अघि बढाएको बताए । उनका अनुसार रामेछापको मुख्य नाका सेलेघाट हुँदै दैनिक दुई सय भन्दा बढी सवारी साधन आउने जाने गरेका छन् । जिल्ला प्रवेश गर्ने नाकाहरुको संख्या बढेपनि जिल्लामा ट्राफिक जनशक्ति भने निकै कमी रहेको छ । जिल्लामा हाल १० जना मात्र ट्राफिक प्रहरी कार्यरत छन् । श्रेष्ठका अनुसार जिल्लाका सबै नाकाको लागि अझै १२ जना भन्दी बढी जनशक्तिको खाँचो रहेको बताए ।

## लिखु तामाकोशी गाउँपालिकाको करार कर्मचारी म्याद नथप्ने

रामेछापको लिखु तामाकोसी गाउँपालिकाले साउन १ गतेदेखी आफना सबै करारका कर्मचारीको म्याद थप नगर्ने निर्णय गरेको छ । गाउँपालिकाले एक सुचना जारी गर्दै गाउँपालिका अन्तर्गतका करार सेवामा कार्यरत कर्मचारीको म्याद थप नगर्ने र हाजिर नगर्न,नगराउन समेत निर्देशन दिएको छ ।

गाउँपालिकाले जारी गरेको सुचनामा भनिएको छ, कार्यालय अभिलेखमा विगतका कर्मचारी कार्यालय समयमा उपस्थिति नहुने, पोशाक नलगाउने, विना जानकारी बिदामा बस्ने, कार्यालयको सुचना अधिकृत रुपमा बाहिर दिने गरेको, गोपनियता भंग गर्ने गरेको, माथिल्ला तहका पदाधिकारीले दिएको आज्ञा पालना नगरेको, आफुभन्दा माथिल्ला तहको कर्मचारीसग अनुपयुक्त व्यवहार गर्ने, कार्यालयको काम समयमै नगर्ने गरेको, कार्यरत पदको औचित्यता र आवश्यकता नदेखिएकोले करार सम्झौता अवधि नबढाएको सूचनामा उल्लेख छ । गाउँपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्य चौकि लगाएतका स्थानमा करारमा कार्यरत कर्मचारीको करार सम्झौता नवीकरण नहुने लिखु तामाकोसी गाउँपालिकाका अध्यक्ष केशव महतले बताउनुभयो । अब छिट्टै गाउँकार्यपालिकाले बैठक बसेर करारमा नयाँ कर्मचारी भर्ना खुलाउने उहाँले बताउनुभयो । अब विधि र प्रक्रिया पुरा गरेर कर्मचारी भर्ना गरिने अध्यक्ष महतको भनाई छ । स्थानिय निकायलाई आर्थिक भार नपर्ने प्रदेश र संघिय तहका कुनै पनि कर्मचारिको हकमा भने उक्त निर्णय लागु नहुने अध्यक्ष महतले बताउनुभयो ।

## एकवर्षमा रामेछापबाट ३६ जना फरार अभियुक्त पक्राउ

रामेछाप । जिल्ला प्रहरी कार्यालय रामेछापले एक वर्षमा विभिन्न स्थानबाट ३६ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ । आर्थिक वर्ष २०७८–७९ मा ३६ जना अभियुक्त पक्राउ गरेको प्रहरी कार्यालय रामेछापले जनाएको छ ।

जिल्ला अदालतबाट मुद्दा फैसला भैसकेको तर कैद सजाए तथा जरिवाना तिर्नबाकी ३६ जना फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी नायव उपरीक्षक राजकुमार थिङले जानकारी दिएका छन् । अदालतबाट मुद्दा फैसला भएको तर फैसला कार्यन्वयनका लागि सम्पर्कमा नआएका ३६ जना फरार अभियुक्तहरु पक्राउ गर्दा अभियुक्तबाट ९७ लाख ४२ हजार ११२ रुपैया जरिवाना र ४८ वर्ष ५ महिना २६ दिन कैद सजाय असुल भएको प्रहरी प्रमुख थिङले बताए ।

## पूर्वविद्यार्थी समाजद्धारा विद्यार्थीलाई ट्रयाकसुट वितरण

रामेछाप । श्रीकालीदेवि आधारभुत विद्यालय टेकनपुरमा अध्ययनरत विद्यार्थीलाइ पुर्व विद्यार्थी सलाजले ट्रयाकसुट वितरण गरेको छ । शुक्रबार एक कार्यक्रमकाबीच समाजले ट्रयाकसुट वितरण गरेको हो । श्रीकालीदेवि आधारभुत विद्यालयमा कक्षा १ देखि ५ कक्षामा सम्म अध्ययन गर्ने ४३ जना विद्यार्थीलाई समाजले ट्रयाकसुट वितरण गरेको समाजका अध्यक्ष ज्ञानु श्रेष्ठले जानकारी दिएकी छिन् । पुर्व विद्यार्थी समाजका पहलमा समाजसेवी एवं नेपाली कांग्रेस रामेछापका महाधिवेशन प्रतिनिधि भरत चौलागाइको सहयोगमा ट्रयाकसुट वितरण गरिएको श्रेष्ठले बताइन् । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकुमार श्रेष्ठले पुर्व विद्यार्थी समाजले विद्यार्थीका उपलब्ध गराएको ट्रयाकसुट र कोरोना कहरका समयमा गरेको सहयोग प्रति धन्यवाद दिदै निरन्तर सहयोगको अपेक्षा व्यक्त गरेका छन् । त्यसैगरि विद्यालयका प्राध्यानध्यापक गुञ्ज श्रेष्ठले विद्यालयलाई प्रविधि मैत्री बनाउन र कम्प्युटर शिक्षा प्रदान गर्नका लागि कम्प्युटर र इन्टरनेटको आवश्यक परेको भन्दै सहयोगका लागि पुर्व विद्यार्थी समाजसँग आग्रह गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# कामना सेवाको २१ औं शाखारहित बैंकिङ्ग सेवा विस्तार

काठमाडौं। कामना सेवा विकास बैंक लिमिटेडले देशका विभिन्न स्थानहरुमा सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ थप नयाँ स्थानहरूमा मोबाइल एपमार्फत शाखारहित बैंकिङ्ग सेवा थपेको छ। बैंकले सेवा विस्तार गर्ने क्रममा मिति २०७९ साल आषाढ ३० गते इलाम जिल्लाको




रोङ गा.पा. वडा नं. ०६ को सलकपुरमा शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको उल्लेख गरी पठाएको छ। रोङ गा.पा. वडा नं. ०६ सलकपुर स्थित अधिकारी एग्रो बनानाज फुड जोन (प्रो. याम प्रसाद अधिकारी)लाईशाखा रहित बैंकिङ्ग सञ्चालनको लागि व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको उल्लेख छ। वडा नं. ०६ का वडा सदस्य धिरज राईले उक्त शाखा रहित बैंकिङ्ग सेवाको उद्घाटन गरी सेवा शुभारम्भ गरेको उल्लेख छ। कार्यक्रममा वडा नं. ०६ का अन्य जनप्रतिनिधिहरु,व्यावसायिक प्रतिनिधि, स्थानीय महानुभावहरुका साथै बैंकका कर्मचारीहरुको उपस्थिती रहेको उल्लेख छ।

शाखा रहित बैंकिङ्गमार्फत खाता खोल्ने, निक्षेप संकलन, रकम भुक्तानी, विभिन्न बिल भुक्तानी लगायतका सुविधाहरु प्रदान गरिनेछ। यो सेवाबाट ग्रामीण तथा बैंकिङ्ग पहुंच नपुगेका क्षेत्रमा बैंक प्रति उल्लेख्य विश्वास एवं बैंकिङ्ग अवधारणाको विकास हुने अपेक्षा बैंकले लिएको उल्लेख छ।

# मुक्तिनाथ विकास बैंकद्वारा लेखनाथ खानेपानी उपभोक्ता संस्थालाई सहयोग

मुक्तिनाथ विकास बैंक लि.ले सामाजिक उत्तरदायित्व अन्र्तरगत विभिन्न संध संस्थाहरुलाई सहयोग गर्दै आएको छ। सोही योजना अनुसार बैंकले पोखरा




नगरपालिका-३०, खुदी, ढुङ्गेपाटन स्थित लेखनाथ खानेपानी उपभोक्ता संस्थालाई आवश्यक पर्ने ५,००० लिटरको एक थान पोलिथिक टङकीका खरिद गर्नका लागि रु. ५५,०६९।- बराबरको आर्थिक सहयोग एक कार्यक्रम बीच उक्त संस्थाका पदाधिकारीहरुको रोहवरमा हस्तानतरण गरेको छ। उक्त कार्यक्रममा बैंकका तर्फबाट गण्डकी प्रदेश प्रमुख शंकर के.सी, बुढीबजारका शाखा प्रमुख रामचन्द्र रानाभाट र अन्य कर्मचारीहरुको उपस्थिति तथा लेखनाथ खानेपानी उपभोक्त संस्थाका तर्फबाट अध्यक्ष मुरारी शर्मा र अन्य आधिकारिक सदस्यहरुको उपस्थिति रहेको थियो। यस सहयोगबाट संस्थाले नजिका नागरिकहरुलाई शुद्ध पिउने पानीका लागि सहयोग पुग्ने धारणा बैंकले लिएको छ। मुक्तिनाथ विकास बैंकले आफ्नो सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै, यस सहयोगबाट सेवा क्षेत्रका व्यक्तिहरुको हितमा काम हुने विश्वास लिएको छ।

# नेपाल बैंकले सञ्चालनमा ल्यायो 'पायनियर बचत खाता' : यस्ता छन् विशेषता

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले उच्च ब्याजदरसहित आकर्षक विशेषताहरु भएको नेपाल बैंक पायनियर बचत खाता सञ्चालनमा ल्याएको छ। सो बचत खातामा उच्च ब्याजदर वार्षिक ८.३ प्रतिशत रहेको ५ भने रु. १० लाख सम्मको निःशुल्क दुर्घटना बीमा सुविधा समेत दिइएको छ। यसैगरी




पायनियर बचत खाता खोल्ने ग्राहकले निःशूल्क डेविट र क्रेडिड कार्ड सुविधा, निःशूल्क डिजिटल बैंकिङ सुविधाहरु, लकर सूविधामा ५० प्रतिशत छुट, निःशुल्क डिम्याट खाता तथा सिआस्वा लगायतका सुविधाहरु पाउने छन्। नेपालभर २१९ शाखाहरु, १८२ एटिएम साथै ४७ वटा एक्सटेन्सन काउन्टरमार्फत करिब २१ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्याइरहेको यो बैंक हाल ग्राहकसेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ प्रविधि मार्फत बैंकिङ सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धी रुपमा अगाडि बढिरहेको छ। बैंकले छिटो छरितो र गुणस्तरीय ग्राहक सेवामा मुख्य जोड दिई युवा जनशक्तिमार्फत नेपालभर बैंकिङ सेवा प्रदान गरिरहेको ५। दक्ष व्यवस्थापन, यूवा कर्मचारी र आधुनिक प्रविधीको समुचित प्रयोग भएसँगै आम नेपालीमा नेपालको पहिलो बैंक नेपाल बैंक प्रतिको आकर्षण दिन प्रतिदिन बढ्दै गएको देखिन्छ।

# एनआईसी एशिया बैंकको 'सर्वश्रेष्ठ १० गुणा मुद्दती योजना': साउन मसान्तसम्म निरन्तरता

सहज, सबल, गतिशील, विश्वसनीय र उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आम जनमानसको विश्वास जित्न सफल यस एन आई सी एशिया बैंकले २०७९ आषाढ १२ देखि आषाढ मसान्तसम्मको लागि निक्षेपको १० गुणासम्म प्राप्त हुने 'एन आई सी एशिया सर्वश्रेष्ठ १० गुणा मुद्दती योजना' ल्याएको सर्वविदितै छ।

व्यक्तिगत, संस्थागत एवं रेमिटेन्स ग्राहक महानुभावहरू लक्षित गरेर ल्याइएको यस योजनामा देश एवं विदेशमा बस्नुभएका महानुभावहरू एवं विभिन्न संस्थाहरूले




देखाउनुभएको अभूतपूर्व सहभागीता, रुची एवं चासोलाई सम्मान गर्दै बैंकले यस योजनालाई २०७९ श्रावण मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय गरेको छ। आम जनमानसको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई समुचित पहिचान गरी तथा बजारको सूक्ष्म रुपको अध्ययन तथा विश्लेषण गरी आफ्ना निक्षेप योजनाहरूलाई सोही अनुरुप थप ग्राहकमैत्री एवं प्रभावकारी बनाउन बैंकले यो योजनालाई निरन्तरता दिने निर्णय गरेको हो।

यस योजनामा निक्षेपकर्ता महानुभावहरूले ५ वर्ष १० महिना देखि १९ वर्ष १० महिनासम्म मुद्दती खातामा रकम जम्मा गरे अनुसार दुई गुणा देखि १० गुणा सम्म निक्षेप रकम फिर्ता पाउनुहुनेछ भने आफूले निक्षेप गरेको रकम र पाकेको ब्याज गरी कुल रकमको ८० प्रतिशत बराबर कर्जा समेत लिन सक्नुहुनेछ। योजनाको विभिन्न प्रकारहरूलाई निम्नानुसार तालिकामा देखाइएको छ :-

यसअघि बैंकको ५ वर्षसम्म कुल रु. ८४ लाख सम्मको बीमा सुनिश्चित गर्ने अतुलनिय फाइदाहरूसँगै सर्वाधिक उच्च ब्याजदर, तीन बीमा सम्बन्धी सर्वश्रेष्ठ फाइदाहरू, तीन कर्जा सम्बन्धी फाइदाहरू र १८ अन्य अतुलनीय सर्वश्रेष्ठ फाइदाहरू गरी कुल २४ सर्वश्रेष्ठ फाइदाहरू रहेको 'सर्वश्रेष्ठ बचत खाता' योजना सञ्चालनमा ग्राहक महानुभावहरूको अत्यन्त उत्साहजनक सहभागिता रहि आएको छ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५९ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखा रहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ। देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ।

उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.३ अर्ब १६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ। जुन मुलुकको वाणिज्य बैंकहरूमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ।

वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ। देशको कुल जनसंख्याको ८०% भन्दा बढी बसोबास गर्ने ग्रामीण तथा साना सहरी क्षेत्रमा बैंकले आफ्ना ७२% शाखा कार्यालयहरू स्थापना गरेको छ।

# कुमारी बैंकको आकर्षक मुद्दती निक्षेप योजनाः १० गुणासम्म प्रतिफल

कुमारी बैंकले १० गुणासम्मको प्रतिफल दिने विभिन्न निक्षेप मुद्दती योजनाहरु ल्याएको छ। बैंकले २ गुणा, ३ गुणा, ४ गुणा र १० गुणासम्मको प्रतिफल दिने विभिन्न निक्षेप मुद्दती योजना ल्याएको हो। उक्त मुद्दती निक्षेप योजनाहरु दीर्घकालीन अवधिको लागी निक्षेप राखी आकर्षक प्रतिफल प्राप्त गर्न इच्छुक व्यक्ति तथा संघसंस्थालाई लक्षित गरेर ल्याइएको बैंकले जनाएको छ। निक्षेप योजना अनुसार व्यक्तिगत निक्षेपकर्ताले आफ्नो साँवा रकममा २ गुणा, ३ गुणा, ४ गुणा र १० गुणा प्रतिफल क्रमशः ५.९० वर्ष, १०.२१ वर्ष, १२.९४ वर्ष र २१.६३ वर्षको अवधिमा प्राप्त गर्नेछन्।

यसैगरी, संस्थागत निक्षेपकर्ताले आफ्नो साँवा रकममा २ गुणा, ३ गुणा, ४ गुणा र १० गुणा प्रतिफल क्रमशः ७.२५ वर्ष, ११.७१ वर्ष, १४.९२ वर्ष र २५.४० वर्षको अवधिमा प्राप्त गर्नेछन्। यस्ता योजनाको विस्तारले औपचारिक बैंकिङ प्रणालीहरू मार्फत अर्थतन्त्रमा रकमको प्रवाहलाई प्रोत्साहन गर्ने हुँदा हाल बैंक तथा वित्तीय संस्थाभित्र विद्यमान तरलता अभाव र सो कारणले कर्जा प्रवाहमा आएको अवरोधको स्थितिमा केही सहजता आउन सक्ने विश्वास बैंकले राखेको छ।

नेपाली वित्तीय क्षेत्रमा हाल सम्मकै व्यक्तिगत एवं संस्थागत मुद्दतीमा उच्चतम ब्याजदर दिने मध्येमा यी योजनाहरु पर्ने बैंकले जनाएको छ। आफ्ना १९७ शाखा सञ्जाल, १८१ एटिएम, ४५ शाखारहित बैंकिङ ईकाई तथा २४ एक्सटेन्सन काउन्टरबाट अत्याधुनिक सेवासुविधाहरु प्रदान गर्दै आएको कुमारी बैंकले आगामी दिनहरुमा अझ सुरक्षित, सुलभ तथा उत्कृष्ट सेवा प्रदान गर्न आफ्नो डिजिटल पूर्वाधार प्रविधि र क्षमतालाई सुदृढ पार्दै लैजाने प्रतिबद्धता जनाएको छ।

## अर्थ संसार

# अजोड इन्स्योरेन्स लिमिटेड र कुमारी क्यापिटल बीच शेयर रजिष्ट्रारको लागि सम्झौता

अजोड इन्स्योरेन्स लिमिटेड र कुमारी क्यापिटल लिमिटेड बीच शेयर र



जिष्ट्रार सेवा (RTS) को लागी सम्झौता भएको छ। बिहीवार प्रधान कार्यालयमा आयोजित एक कार्यक्रमका बीच अजोड इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कुमार बहादुर खत्री र कुमारी क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अश्विनबाबु श्रेष्ठले सहमतिपत्रमा हस्ताक्षर गरी उक्त सम्झौतालाई औपचरिता दिएका हुन्।

# प्रभु लाइफ इन्स्योरेन्स र महालक्ष्मी लाइफ बीच मर्जर सम्झौता

काठमाडौं। प्रभु लाइफ इन्स्योरेन्स लिमिटेड र महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड बीच बिहीबार मर्जरमा जाने सम्झौतामा हस्ताक्षर भएको छ।

काठमाडौंमा एक कार्यक्रमका बीच प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडका तर्फबाट सञ्चालक समिति अध्यक्ष सुभाष अमात्य र महालक्ष्मी लाइफ




इन्स्योरेन्स लिमिटेडका तर्फबाट सञ्चालक समिति अध्यक्ष मनोरञ्जन रमण शर्माले सो सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्। दुवै कम्पनीको स्वाप रेसियो १:१ अनुपातमा एक आपसमा गाभिने छ भने मर्जर पछि कम्पनीको नाम प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड रहने उल्लेख छ।

मर्जर पछि सञ्चालक समितिको अध्यक्षमा प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडका सुभाष अमात्य र प्रमुख कार्यकारी अधिकृतमा महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडका रमेश कुमार भट्टराई रहने सम्झौता भएको छ। कार्यक्रममा दुवै कम्पनीका सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको उपस्थिति रहेको थियो।

# ग्लोबल आइएमई बैंक 'युरोमनी अवार्ड फर एक्सलेन्स, २०२२' बाट सम्मानित

ग्लोबल आइएमई बैंक लिमिडेट युरोमनी अवार्ड फर एक्सलेन्स - बेस्ट बैंक नेपाल २०२२ बाट सम्मानित भएको छ। बुधबार बेलायतको लण्डनमा आयोजित एक कार्यक्रमबीच ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले उक्त अवार्ड ग्रहण गर्नुभएको हो। सन् १९९२ मा स्थापित यो अर्वाड बैंकिङ्ग क्षेत्रको एक प्रतिष्ठित र एक मात्र अवार्ड हो। बैंकले ग्राहकहरुलाई प्रदान गर्दै आएको सेवा, बैंकिङ्ग क्षेत्रमा नयाँ नयाँ प्रविधिको प्रयोग तथा बैंकको उच्चस्तरीय




कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो।

युरोमनी म्यागाजिन बैंङ्किक क्षेत्रको गहकिलो विश्लेषण, सुझाव र समालोचनाका लागि प्रख्यात रहेको छ। युरोमनी समूहमा बैंक तथा वित्तीय क्षेत्रका ख्यातिप्राप्त तथा अनुभवी व्यक्तिहरु रहेका छन्। अमेरिकाको बैंक अफ अमेरिकाले यो वर्ष विश्वको उत्कृष्ट बैंकको उपाधि प्राप्त गरेको छ।

बैंकले ७७ जिल्लामा २८९ शाखा, २६२ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८७५ भन्दा बढि सेवा केन्द्रबाट २८ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्याउँदै आइरहेको छ।

# अस्तव्यस्त देशका राजनीतिज्ञ जिम्मेवार बन

**श्यामप्रसाद मैनाली**

प्रारम्भ

२०४६ सालमा लोकतन्त्रको पुनर्वहालीपश्चात् नेपाली जनताले ठूलो अपेक्षा गरेका थिए । मानवअधिकारको सम्मान, सुशासन, सबै प्रकारका नागरिक अधिकारको निर्वाध प्रयोग र संरक्षणको वातावरण, राष्ट्रको समुन्नति, राजनीतिक स्थिरता, कानुनी समानतासहितको कानुनी राज्य, जनसहभागितामा आधारित शासन प्रणाली, समाजवादमा आधारित लोकतन्त्र आदिको व्यवहारमै प्रत्याभूति जनताले चाहेका थिए । तर, समय व्यतीत हुँदै जाँदा आफ्ना प्रतिनिधिबाट नागरिकहरूले इमानदारिताकासाथ जनताप्रतिको जिम्मेवारी र जवाफदेहिता निर्वाह गरेको अनुभूति गर्न सकेनन् । यो दुरावस्थाको निरन्तरताले देश अस्तव्यस्त बन्दै गएको छ । तर, हाम्रा राजनीतिज्ञ गाम्भीर्यता देखिएन । देशबाट सुविधा प्राप्त गरिरहेका केही सीमित स्वार्थलोलुप झुन्डबाहेक सबै देशको भविश्य'दयगत चिन्तित हुन थालेका छन् । देश गम्भीर आर्थिक संकटको अवस्थामा पुगेको समाचार सम्प्रेषण भइरहेकाले सचेत नागरिकहरूको जिज्ञाशा बढ्न थालेको छ । यो अवस्था किन सिर्जना भयो ? देशको वास्तविक अवस्था कस्तो रहेको छ ? यही विषयमा केन्द्रित रहेर यथार्थता पस्कने प्रयास यस आलेखमा गरिएको छ ।

देशको विद्यमान अवस्था

देश राजनीतिकलगायत सबै प्रकारका अस्थिरताबाट आक्रान्त बनेको छ । राष्टूको समुन्नतिका लागि आन्तरिक नीति र सो अनुकूलको वैदेशिक नीति अवलम्बन गर्न सक्नुपर्छ । हाम्रो आन्तरिक नीति पनि अस्थिर छन् । वैदेशिक नीतिका सम्बन्धमा शासनमा रहनेमै निर्णय क्षमताको अभाव देखिन्छ । अन्तराष्ट्रियस्तरमा दीर्घकालीन प्रभाव पार्ने प्रकृतिका घटना र मुद्दामा नेपालले आफ्नो स्पष्ट अडान राख्न सकेको छैन । एकै प्रकारका मुद्दाहरूमा त्यसको मौलिकता र विशेषताहरूमा परिवर्तन नहुँदाको अवस्थामा समेत जिम्मेवार नेताहरूको अभिव्यक्ति र निर्णय पृथक प्रकारको हुने गरेको छ । एमसीसीमा सरकारमा रहँदा समर्थन गर्दै संसदीय अनुमोदनका लागि पेस गर्ने जिम्मेवार दलका नेता तथा तत्कालीन प्रधानमन्त्री प्रमुख प्रतिपक्षको भूमिकामा रहँदा विपरीत निर्णय लिन पुगेका छन् ।

सरकारमा सहभागी दलसमेत केही दिनअघिसम्म विरोधका आवाज बुलन्द गर्दै अल्पअवधिमै मौन समर्थन गर्न पुगेका छन् । एसपीपीमा एक दलले अर्को दललाई जिम्मेवार बनाए तापनि सरकारमा रहने अवसर पाएका सबै दलहरूले समर्थन गर्दै पटकपटक पत्राचार गरेको तथ्य सार्वजनिक भएको छ । स्पष्ट अडानको अभावमा मौसमी अभिव्यक्ति दिँदै नागरिकका अगाडि सस्तो लोकप्रियता आर्जन गर्ने प्रतिस्पर्धा सबै राजनीतिक दलबीच चलेको छ ।

परिवर्तन र स्थिरताले वैदेशिक नीतिलाई मार्गदर्शन गर्नुपर्छ । अस्थिर विदेश नीति भएको देशहरूमा शक्ति सम्पन्न रास्टूहरूले आफ्ना आफ्ना रणनीतिका आधारमा कमजोर देशहरूमाथि आधिपत्य कायम गर्दै आएका उदाहरण राजनीतिक घटना क्रममा धेरैपटक अनूभूति गर्न पाइएको छ । नेपालको सन्दर्भमा हाम्रो भूराजनीतिक अवस्थाले गर्दा वैदेशिक नीतिको मूल आधार छिमेकी देशसँगको सम्बन्ध सन्तुलित र सौहार्द बनाउनु हो । भारत र चीन दुवै देश विश्व शक्तिका रूपमा उदय भएका छन् । भारत र चीनसँगका कतिपय संरचनात्मक, तत्कालीन र स्थायी प्रकृतिका मुद्दाको नेपालले सम्बोधन गर्न सकिराखेको छैन । प्राइम वाटर हाउस कुपले सार्वजनिक गरेको प्रतिवेदनमा सन् २०५० सम्म विश्व अर्थतन्त्रमा चीन, भारत, संयुक्त राज्य अमेरिका, इन्डोनेसियाले क्रमशः ५८.४. ४४.१, ३४.१ र १०.५ ट्रिलियन डलरको आकार बनाई प्रथम, दोस्रो, तेस्रो र चौथो स्थान सुरक्षित गर्नेछन् । सैन्य शक्तिका हिसाबले संयुक्त राज्य अमेरिका, रसिया, चीन, भारत, दक्षिण कोरिया क्रमशः प्रथम, द्वितीय, तृतीय, चौथो र पाँचौं स्थानमा रहनेछन् । आर्थिक प्रगति र सैन्य शक्तिको विकास साथसाथै हुने देखिँदा पनि भारत र चीन उदयमान शक्ति बन्ने क्रममा छन् । एसियाका देशहरू प्रविधिको विकासमा पनि अग्रपंक्तिमा छन् । चीन, भारत, जापान, दक्षिण कोरिया प्रविधिको क्षेत्रमा विश्वमै नेतृत्व दिन सक्ने सामर्थ्यमा रहनेछन् । यस अर्थमा पनि एसियाका आफ्नै छिमेकी देश विश्व शक्तिका रूपमा स्थापित हुने सम्भवना अत्यन्त ज्यादा देखिएको छ । तर, हामीले छिमेकीबीच पनि सन्तुलन कायम गर्दै विश्वसनीयता आर्जन गर्न नसकेको अवस्था छ ।

**देश राजनीतिकलगायत सबै प्रकारका अस्थिरताबाट आक्रान्त बनेको छ । राष्टूको समुन्नतिका लागि आन्तरिक नीति र सो अनुकूलको वैदेशिक नीति अवलम्बन गर्न सक्नुपर्छ । हाम्रो आन्तरिक नीति पनि अस्थिर छन् । वैदेशिक नीतिका सम्बन्धमा शासनमा रहनेमै निर्णय क्षमताको अभाव देखिन्छ । अन्तराष्ट्रियस्तरमा दीर्घकालीन प्रभाव पार्ने प्रकृतिका घटना र मुद्दामा नेपालले आ[illegible]नो स्पष्ट अडान राख्न सकेको छैन । एकै प्रकारका मुद्दाहरूमा त्यसको मौलिकता र विशेषताहरूमा परिवर्तन नहुँदाको अवस्थामा समेत जिम्मेवार नेताहरूको अभिव्यक्ति र निर्णय पृथक प्रकारको हुने गरेको छ । एमसीसीमा सरकारमा रहँदा समर्थन गर्दै संसदीय अनुमोदनका लागि पेस गर्ने जिम्मेवार दलका नेता तथा तत्कालीन प्रधानमन्त्री प्रमुख प्रतिपक्षको भूमिकामा रहँदा विपरीत निर्णय लिन पुगेका छन् । सरकारमा सहभागी दलसमेत केही दिनअघिसम्म विरोधका आवाज बुलन्द गर्दै अल्पअवधिमै मौन समर्थन गर्न पुगेका छन् ।**

नेपालको असंलग्न परराष्टू नीति ऐतिहासिक दस्तावेज बन्दै छ । हामी शक्ति सम्पन्न राष्टूहरूसँग संलग्न पनि हुन सकेका छैनौं । भू(राजनीतिक अवस्थाले पनि असंलग्न परराष्टू नीति नै नेपालका लागि उपयुक्त देखिएको छ ।

देशको दूरावस्था देख्दा राज्यबाट सुविधा प्राप्त गरिरहेका केही सीमित स्वार्थलोलुप झुन्डबाहेक सबै देशको भविष्य'दयगत चिन्तित हुन थालेका छन्

देशको आर्थिक अवस्था दयनीय बन्दै छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार यस प्रकारको ऋण पछिल्लो पाँच वर्षमा दोब्बर र नौ वर्षको अवधिमा चार गुणा बढेको छ । आगामी आर्थिक वर्षमा ८.७९ अर्ब आन्तरिक र ९.७६ अर्ब वैदेशिक ऋण लिने सरकारी योजना छ । चालू आव को आठ महिना अवधिमा आन्तरिक ऋण २९.२५ अर्व र बाह्यतर्फ १३.६६ अर्ब गरी जम्मा ४२.९१ अर्ब सावाँ र ब्याजतर्फ २३.५५ अर्ब भुक्तानी भएको छ । तर, यसै आवमा तिर्नुपर्ने रकम १ खर्बभन्दा बढी छ । यो रकम कुल विकास खर्चको एक तिहाइ हो । ऋण तिर्नुपर्ने भएकाले चालू खर्च बढेको छ । बहुपक्षीय र द्विक्षीय ऋण लिइएको छ, बहुपक्षीय ऋणको मात्रा बढी छ । विदेशी मुद्रामा ऋण लिएकाले ऋणको भुक्तानी पनि विदेशी मुद्रामै गर्नुपर्छ । नेपाली मुद्रा अवमूल्यन भएको छ । ठूलो आकारको बजेट ल्याउने र राजस्वले धान्न नसक्ने हुँदा ऋण उठाएर पूर्ति गरिएको छ । ऋणबाट देशले प्राप्त गर्ने प्रतिफलको विश्लेषण राम्ररी भएको छैन । जीडीपीको एकतिहाइ ऋण छ ।

उत्पादक क्षेत्रमा लगानी भएमा ५० प्रतिशतसम्म ऋण लिन सकिने भनाइ केही अर्थशास्त्रीको छ । यसका लागि भुक्तानी क्षमता बढाउनु जरुरी हुन्छ । यो अवस्था वनाउन प्रतिव्यक्ति आम्दानी १५ सय डलरभन्दा माथि हुनुपर्छ । आयोजना समयमै पूरा नहुनु यसको प्रमुख कारण हो । भूकम्पको पुनर्निर्माण र संघीयता कार्यन्वयनका लागि ऋण बढ्दै गएको छ । संघीय शासन प्रणाली सञ्चालनका लागि समेत विश्व बैंकसँग ऋण मागिएको छ । भूकम्पबाट भएको क्षतिको पुनर्निर्माणमा सरकारी रकम २५ प्रतिशत मात्र खर्च भएको छ, अरू सबै ऋण हो । बजेट सपोर्टमा मात्र करिब १ खर्ब ऋण लिइएको छ । आन्तरिक ऋणको तुलनामा बाह्य ऋणको ब्याजदर कम हुन्छ । उत्पादकत्व र जीडीपी बढेमा ऋणको भार स्वतः कम हुँदै जान्छ । संसद्ले एक तिहाइभन्दा ज्यादा ऋण लिन नसक्ने गरी कानुनी अंकुश लगाउँदै छ । यसरी स्रोत जुटाउने सहज माध्यम ऋणलाई बनाइएको छ ।

पेट्रोलियम पदार्थको आपूर्तिको अवस्था विचित्रको छ । सरकारी अनुदानवाट सञ्चालनमा रहेको नेपाल आयल निगम सधैं घाटामा छ । लेखा परीक्षणको प्रतिवेदनमा निगम घाटामा छ । सरकारी अनुदानवाट निगम सञ्चालन गर्दै कर्मचारीहरूलाई मुनाफा दिइएको आश्चर्यजनक सन्देश सञ्चार माध्यमहरूबाट सुसूचित हुने गरेको छ । निगमले भारतीय आयल निगमलाई करिब ७० अर्ब ऋण तिर्नुपर्ने स्थिति छ । मासिक ४.७ अर्ब घाटा छ । ७० अर्ब भुक्तानी गर्न बाँकी राखेर पटकपटक महँगीको मारमा नागरिकलाई धकेल्ने निगमले अन्तर्राष्ट्रिय मूल्यलाई आधार बनाएर पेट्रोलियम पदार्थको मूल्य समायोजन गरिराखेको छ । भारतलाई भुक्तानी दिनुपर्ने रकम'दयगत अर्थ मन्त्रालयले निगमको घर जग्गा धितो राखेर राष्ट्रिय वाणिज्य बैंकबाट ऋण लिन लिखित निर्देशन दिइसकेको छ । बैंकले सो रकम उठ्न नसक्ने देख्दै गर्दा पनि घर जग्गा धितो राखेर ३ अर्ब रुपैयाँ ऋण प्रवाह गर्न सक्ने देखाएको छ । यसको अर्थ हुन्छ २० दिनको घाटा रकम घर जग्गाको ऋणबाट निगमले तिर्न सक्ने रहेछ ।

समस्याको समाधान यसबाट देखिँदैन । निगमले ऋण तिर्न नसक्ने, बैंक पनि डुब्ने, समस्याको समाधान पनि नहुने यो कस्तो निर्देशन होला ? अर्थ मन्त्रालयको क्षमतामाथि प्रश्न उठेको छ । निगमले पेट्रोलियम पदार्थहरू परल मूल्यभन्दा बढी लिएर बिक्री गरिराखेको देखिन्छ तर पनि निगम घाटामा छ । भारतीय आयल निगमले ऋण चुक्ता गरेर मात्र तेल लैजान सक्ने अवस्था बनाउँदा हामीलाई अत्यन्त कठिन पर्नेछ । व्यापार घाटा बढिराखेको छ । इरान र रसियाबाट सुपथ मूल्यमा तेल आयात गर्नुपर्छ, चीन र भारतले गरेको तेल आयात नेपालजस्तो विपन्न देशका लागि निकै महँगो हुँदा दैनिकी चलाउन गाह्रो भइरहेको छ । राष्ट्र बैंकमा वैदेशिक मुद्राको सञ्चितिको अवस्था धेरै नाजुक भएकाले आलु प्याजसमेतलाई विलासी सामानको वर्गमा राखी एलसी खोल्न रोक लगाएको छ । गभर्नर पनि आर्थिक संकट आउने उद्घोष गर्दैछन् । यस अवस्थामा तेल ल्याउन कठिन परिस्थति बन्दै छ । तेलको आपूर्ति थोरै मात्र कमी हुँदासमेत देशमा हाहाकार मच्चिने गरेको छ । यस स्थितिमा महँगी अत्यधिक बढनेछ । दैनिक उपभोगका सामानको आपूर्ति हुनेछैन । अमेरिकी एक बैंक ध्वस्त हुँदा मात्र विश्वभर प्रभाव परेको थियो । युक्रेन युद्धको प्रभावका कारण पनि मूल्य बढेकै छ । यस अर्थमा पनि आपूर्ति प्रणालीलाई सुचारु गर्नुको विकल्प देखिँदैन ।

बैंकमा तरलताको अभाव छ । ब्याजदर वृद्धि गर्दा पनि रकम भित्रिन सकेको छैन । बचतकर्ताहरूको मनोविज्ञान रकम झिक्नेतर्फ आकर्षित हुने अवस्था छ, यसका लक्षण देखिँदै छन् । सरकार कसरी अनुत्पादक कार्यमा खर्च गर्न सकिन्छ ? विकल्पको अध्ययन गरिराखेको छ । सरकार विशिष्टहरूलाई सुविधा थप गर्ने प्रयासमा छ । यसले गर्दा मासिक १ करोड रुपैयाँ व्ययभार थपिने अवस्था छ । संयुक्त राज्य अमेरिकाजस्तो महादेशमा जम्मा ३ सय विशिष्ट छन् । नेपालमा यो संख्या ४ हजार नाघेको छ । एक भीआईपीलाई उपचार बापत करिब २० करोड रुपैया राष्ट्रिय ढुकुटीबाट खर्च भएको आँकडा देखिएको छ । स्वार्थ गाँसिएको विषयमा निर्णय लिइनुलाई दैनिकीका रूपमा ग्रहण गरिएको छ । भ्रष्टाचार व्याप्त छ, राजनीतिक तहबाट हुने नीतिगत र ठूला मात्राका भ्रष्टाचारजन्य क्रियाकलाप अभयदान प्रदान गरिएको छ । तसर्थ अहिलेको अवस्थामा भ्रष्टाचार नियन्त्रणमा आउने सम्भावना छैन । साधारण खर्चले विकास खर्चलाई पछि पारेको छ । सरकारको खर्च गर्ने क्षमता देखिँदैन । यस अवस्थामा माफिया बिचौलियालाई बजेट निर्माणको जिम्मेवारी दिई अर्थमन्त्रीले राष्ट्रघाती कार्य गरेका छन् । यी अवस्था सुधार गर्न सकिएन भने भयावह अवस्था आउन सक्छ । मुद्रा स्फीति बढेर दैनिकी गुजारा गर्न नागरिकलाई कठिन हुनेछ । यस स्थितिमा यसको उपचार नागरिकहरूले सडकबाटै खोज्नेछन् । श्रीलंकाको जस्तै अवस्था हुनुबाट देशलाई बचाउने जिम्मेवारी सत्ताधारीमा रहेको छ । सरकारको प्राथमिकता अनुपयुक्त तर आफ्ना मानिसलाई शक्ति र जिम्मेवारीमा पुऱ्याउनमा मात्र सीमित देखिएको छ । गठबन्धन बिग्रिने चिन्ताले गर्दा भ्रष्ट मन्त्रीहरूलाई हटाउन प्रधानमन्त्री असमर्थ बनेका छन् । मन्त्रीहरूमा थोरै मात्र पनि नैतिकता छैन । यस स्थितिमा देशका समस्याहरूको सामाधान हुने सम्भावना न्यून छ ।

सारांश

देशको यथार्थ अवस्था सञ्चार माध्यममा आएजस्तो हो वा होइन तथ्यसहितको आधारमा सरकारले जनतालाई सुसूचित गर्नुपर्छ । राष्ट्रिय ढुकुटीबाट रकम खर्च गर्दा अत्यन्त मितव्ययी हुँदै अनुत्पादक कार्यमा हुने खर्च बिल्कुल बन्द गरिनुपर्छ । संघीयताको तह'दयगत शीघ्र सर्वदलीय सहमति गरी मितव्ययी संरचना बनाउनु जरुरी छ । भ्रष्टाचार नियन्त्रण गर्न डेनमार्कको जस्तै प्रगतिशील कारबाहीको व्यवस्था शीघ्र गर्नुपर्छ । घरजग्गा धितो राखेर ऋण लिँदै आपूर्ति गर्नेजस्ता हास्यास्पद कार्यहरूको विकल्प खोज्नुपर्छ । वैदेशिक मुद्राको सञ्चितिको अवस्थामा सुधार ल्याउने अल्पकालीन र दीर्घकालीन विकल्पहरूको कार्यान्वयन प्रारम्भ गर्न ढिला गर्नुहुँदैन । राष्ट्रिय समुन्नतिका महत्वपूर्ण विषयमा सबै राजनीतिक दल एकै स्थानमा आउने र मतैक्यता जाहेर गर्ने राजनीतिक संस्कारको विकास हुनुपर्छ । सार्वजनिक खर्चलाई मितव्ययी बनाउँदै साधारण खर्चभन्दा पुँजीगत खर्चलाई प्राथमिकतामा राख्ने गरी ठोस निर्णय आउनु अत्यावश्यक छ । इरान र रसियाबाट सुपथ मूल्यमा तेल आयात गरी बजारमा पठाउनुपर्छ । चीन र भारतले यसरी तेल आयात गर्दा नेपालजस्तो विपन्न देशले महँगो तेल खरिद गरेर दैनिकी चलाउनु उपयुक्त हुँदैन । राष्टूलाई यो दुरावस्थाबाट मुक्ति दिलाउन लागी पर्नु नै राष्टूको सर्वोपरि प्राथमिकताको विषय हो । अन्य विषय वर्तमान अवस्थामा गौण हुनेछन् ।

राजधानी दैनिक

# खेलकुद

## एलपीएलको सातौं संस्करण कात्तिकमा

काठमाडौं । विद्यालयस्तरीय यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिता लिटल फ्लावर प्रिमियर लिग (एलपीएल)को सातौं संस्करण कात्तिक १३ देखि २६ गते सम्म धनगढीमा हुने भएको छ । प्रतियोगितामा यो संस्करणमा देशभरका १० विद्यालय टिमको सहभागिता रहनेछ । सहभागी प्रत्येक टिमले ४ जना अन्डर-




१९ राष्ट्रिय टिमका खेलाडीहरु समाबेश गर्न पाउनेछन् ।

लिगको गत संसकरणमा अन्डर-१९ राष्ट्रिय टिमका कप्तान तथा राष्ट्रिय क्रिकेटर देव खनाल सहित आदील अन्सारी, बसिर एहमद सहित यु-१९ राष्ट्रिय क्रिकेटरहरु सन्तोष कार्की, अर्जुन साउद, शेर मल्ल, प्रकाश जैसी, बिपन रावल, विशाल बिक्रम केसी, सुवास ऐयर, आकाश चन्द, गौतम केसी, खडक बोहरा बिभिन्न टिमबाट सहभागी थिए ।

लिटल फ्लावर स्पोर्टस एण्ड ईभेन्ट्सले आयोजना गर्ने प्रतियोगिताको विजेताले २ लाख ५१ हजार १५१ रुपैयाँ प्राप्त गर्ने छन् । यस्तै उपविजेताले १ लाख २५ हजार १२५ रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै प्रत्येक खेलको प्लेयर अफ द म्याचले ३ हजार रुपैयाँ, प्रत्येक खेलको गेम चेन्जरले १ हजार रुपैयाँ प्राप्त गर्नेछन्। यस्तै प्लेयर अफ द सिरिजले ३० हजार रुपैयाँ, उत्कृस्ट ब्याट्सम्यान र बलरले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

२०७३ साल देखि प्रत्येक वर्ष आयोजना हुँदै आएको प्रतियोगिता बिगतको भन्दा यस पटक थप स्तरीय बनाउने बताएको छ ।

## हेराल्ड एसईई कप बास्केटबलः ऋत र ग्रान्डीलाई उपाधि

काठमाडौं । ऋत एकेडेमी र ग्रान्डी स्पोर्ट्स सेन्टरले तेश्रो हेराल्ड एसईई कप बास्केटबल प्रतियोगिताको उपाधि शुक्रबार जितेका छन् । ऋत ब्वाइज तथा ग्रान्डी गर्ल्समा पहिलो भए ।




बसुन्धारास्थित आयोजक हेराल्ड इन्टरनेसनल कलेजको कोर्टमा भएको ब्वाइज फाइनलमा ऋतले बलर्स एकेडेमीलाई २०-८ ले पराजित गऱ्यो । ओजीएमले हेराल्डलाई १०-८ ले हराउदै तेश्रो भयो ।

गर्ल्सको उपाधि भिडन्तमा ग्रान्डीले बलर्स एकेडेमीलाई ७-५ ले पाखा लगायो । इन्साइट भिजनलाई ४-२ ले पन्छ्याउदै भ्याली पब्लिक तेश्रो बन्यो । दुवै समूहमा शीर्ष चार स्थान हात पार्ने टिमले क्रमशः १० हजार, ७ हजार, ५ हजार र ३ हजार नगद पुरस्कार प्राप्त गरे । ब्वाइजमा ऋतका जेबिश मगर तथा गर्ल्समा ग्रान्डीकी दिया गुरुङ 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । दुवैले जनही १ हजार ५ सय नगद पुरस्कार पाए । दुईदिने प्रतियोगिताको ब्वाइजमा ८४ तथा गर्ल्समा २० गरी १ सय ४ टिमले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए ।

## सन्दीप आबद्ध लंका प्रिमियर लिग स्थगित

काठमाडौं । नेपाली क्रिकेट टिमका कप्तान सन्दीप लामिछाने आबद्ध भएका लंका प्रिमियर लिग (एलपीएल) स्थगित भएको छ ।



एलपीएल आगामी अगष्ट १ देखि ३१ सम्म हुने तय थियो । तर श्रीलंका क्रिकेट ( एसएलसी) ले तत्काका लागि लागु हुने गरी लिग स्थगित भएको जनाएको छ । श्रीलंकामा पछिल्लो समय देखिएको आर्थिक संकटका कारण प्रतियोगिता सरेको हो । लिगको अधिकार पाएको इन्नोभेसन प्रोडक्सन ग्रुपले देशको वर्तमान आर्थिक अवस्थाका कारण लिग गर्न नसक्ने भन्दै आग्रह गरेपछि श्रीलंका क्रिकेटले उक्त निर्णय लिएको बताएको छ । तेस्रो संस्करणको एलपीएलका लागि नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान लामिछाने दम्बुला जायन्ट्समा अनुबन्धित भएका थिए । उनलाई दम्बुलाले ४० हजार डलरमा विदेशी कोटामा राखेको हो ।

## नेपाल.......

भएको खण्डमा तुरुन्तै कुटनैतिक पहल गरेर नेपाली उच्च कुटनीतिको सफल उदारण दिनसक्ने क्षमताको विकास तत्काल गर्नुपर्ने देखिन्छ ।

यस्तो विकास गर्न सकिएन भने नेपालमा शक्ति राष्ट्र चीन र अमेरिकाको चलखेलमा नेपाल नराम्रोसँग फस्न सक्छ । त्यस्तै संकेतहरु देशमा देखापर्न थालेका छन् । यि विषयहरुलाई ध्यान दियर नेपालका आम बुद्धिजीविहरु जागरुक हुनुपर्ने देखिन्छ । राष्ट्रलाई ठुला ठुला संकट आउदा देशका सचेत नागरिकको महत्व भुमिका हुनुपर्छ नेपालमा अहिले यस्तो अवस्था आएको छ ।

समग्रमा वाद, पार्टी, दर्शन, सिद्धान्त भन्दा माथि उठेर नेपालीत्व राष्ट्रिय अखण्डता, राष्ट्रिय स्वतन्त्रता प्रमुख बनाउनुपर्छ । योभन्दा विकल्प नेपालीहरुका लागि अरु हुन सक्दैन । देशका सचेत नागरिक, बुद्धिजीविले दिएको सल्लाह बनाएको योजना देशले लागु गरेर नेपालको स्वन्त्रतामा आउन लागेको काहालीलाग्दो संकट टार्नुपर्छ । शक्ति राष्ट्रहरुको चलखेल रोक्ने यो नै अचुक उपाय हुनसक्छ ।

## विदेशी.......

विदेशी मदिराका नयाँ नयाँ संस्करण बजारमा देखिएको उनीहरुको भनाइ छ । त्यस्तो मदिरा हवाई यात्रुले ड्युटी फ्री र अवैध कारोबारीले खुला सिमानाबाट भित्र्याएको अनुमान व्यवसायीको छ । दसैं, तिहार जस्ता मदिरा बढी खपत हुने सिजन नजिकिएकोले आयातमा लगाइएको प्रतिबन्ध खारेज नगरे अवैध कारोबार चुलिने व्यवसायी बताउँछन् । अहिले नै एलसी नखोले दशैंको बेला बजारमा सामान पुऱ्याउन नसकिने उनको भनाइ छ ।

मदिरामा उच्च दरमा राजस्व लाग्ने हुँदा भारतबाट भन्सार र अन्य कर छलेर ल्याउनेले धेरै नाफा कमाउँछ । जसले गर्दा यसको अवैध कारोबारमा ठूलै समूह सक्रिय रहेको आशंका गरिन्छ । मदिरा आयात गर्दा ३०० प्रतिशतसम्म कर लाग्छ । भारतमा नेपालको तुलनामा मदिरामा कम कर लाग्ने हुँदा उता कर तिरेरै ल्याउँदा पनि राम्रै नाफा हुने अध्ययनले देखाएको छ ।

नेपालमा मदिरा आयात खुला रहेकै बेला पनि गत माघमा ठूलो परिमाणमा अवैध रुपमा आयातित विदेशी मदिरा काठमाडौंमा बरामद भएको थियो । प्रहरीले काठमाडौंको रामकोट, बानेश्वर, कपनलगायत ठाउँबाट २१६ कार्टुन कर छलेको विदेशी मदिरा बरामद गरेको थियो । उक्त कारोबारमा संलग्न चारजना पक्राउ परेका थिए ।

त्यसबेला रेड लेबल, चिभास रिगल, एब्सोलुट जस्ता विदेशी ब्रान्डका मदिरा बरामद भएको थियो । 'यहाँ आयात खुला हुँदा पनि त्यति ठूलो परिमाणमा अवैध तरिकाले मदिरा भित्र्याइएको थियो भने अहिलेको अवस्था कस्तो होला ?' व्यवसायी भन्छन्, 'अहिले त आयातमा प्रतिबन्ध छ ।'

ठूलो मात्रामा विदेशी मुद्रा खर्च नगरी उल्लेख्य राजस्व संकलन गर्न सकिने मदिरा आयातमा प्रतिबन्ध लगाउँदा सरकारको राजस्व गुमेको तर आयात नरोकिएको आयातकर्ता व्यवसायीको गुनासो छ । नेपालमा विदेशबाट वार्षिक डेढ अर्ब हाराहारीको तयारी मदिरा आयात हुन्छ । त्यसबाट सरकारले तीन अर्ब जति राजस्व असुल्छ । 'आयातमा प्रतिबन्ध लाग्दा चोरबाटोबाट मदिरा आइरहेको छ, बजारमा किनबेच पनि भइहरेको छ तर सरकारले पाउने राजस्व गुमेको छ,' विदेशी मदिराको आयात तथा बिक्रीवितरणमा संलग्न एक व्यवसायीले भने, 'पैसा बिदेसिन रोकियो त ?'

आयात-निर्यातकर्ता व्यापारीहरुको संस्था नेपाल समुद्रपार निकासी पैठारी संघले पनि एक विज्ञप्ति जारी गरी आयातमा लगाइएको प्रतिबन्धले चोरी पैठारी बढाएको भन्दै विभिन्न वस्तुमा सरकारले लगाएको आयात प्रतिबन्ध खारेज गर्न आग्रह गरेको छ । संघले नेपाल जस्तो खुला सिमाना भएको मुलुकमा मोटरगाडी, मोटरसाइकल जस्ता दर्ता गरेपछि मात्र प्रयोग गर्न पाइनेबाहेकका वस्तुको आयात प्रतिबन्धले नरोकिने बरु अवैध कारोबारको जोखिम बढाउने बताएको छ ।

संघका महासचिव मदन मित्तल बच्चाको खेलौना, मदिरा, तास, इनर्जी ड्रिंक्स जस्ता वस्तुको आयातमा प्रतिबन्ध लगाउँदा चोरबाटोबाट भित्रिने बताउँछन् । महासचिव मित्तलले तीन वर्षअघि आयातमा प्रतिबन्ध लागेको विदेशी इनर्जी ड्रिंक्स नेपाली बजारमा पाइरहेको घटनालाई उदाहरणको रुपमा अघि सार्दै प्रश्न गरे, '२०७६ असारदेखि औपचारिक रुपमा आयात नभएको इनर्जी ड्रिंक्स बजारमा कसरी आयो ? प्रतिबन्धले तस्करी बढायो कि आयात रोक्यो ?'

संघका वरिष्ठ उपाध्यक्ष विनोद सेठिया आयातमा प्रतिबन्ध लाग्दा औपचारिक माध्यमबाट हुने विदेशी मुद्राको बहिर्गमन रोकिएको देखिए पनि त्यसको अर्को पाटो झन् डरलाग्दो हुने बताउँछन् । यसले रेमिट्यान्स आप्रवाहमा समेत कमी ल्याउन सक्ने उनको आशंका छ । अवैध आयात, न्यून बिजकीकरण लगायतमा संलग्न कारोबारीले विदेशमा कमाउने नेपालीलाई बढी विनिमय दर दिएर उनीहरुको रकम ओसार्ने काम गर्न सक्ने सेठियाको आशंका छ । उनको जस्तै आशंका बैंकरहरुले पनि धेरै अघिदेखि गर्दै आएका छन् ।

संघले आयातको एलसी खोल्दा ५० र १०० प्रतिशत नगद मार्जिन राख्नुपर्ने प्रावधान हटाउन पनि आग्रह गरेको छ । यसले बैंकलाई बाहेक सरकार, व्यवसायी, उपभोक्ता कसैलाई पनि फाइदा नभएको भन्दै संघले एलसीमा अनिवार्य नगद मार्जिन र टिटीलगायतका अन्य भुक्तानी माध्यमबाट भुक्तानी गर्नमा लगाइएको प्रतिबन्धले त्यस्ता माध्यमबाट भुक्तानी गरेबापत निर्यातकर्ताले दिने सहुलियतबाट पनि नेपाली आयातकर्ता वञ्चित भएको उल्लेख गरेको छ । 'उपभोक्तालाई महँगीको भारी बोकाउने र व्यवसायको लागत बढाउने नगद मार्जिनको व्यवस्था खारेज गरी साबिककै व्यवस्था कायम गर्न पनि संघ आग्रह गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

भुक्तानीमा एलसी अनिवार्य गर्दा सानो सानो कारोबारको भुक्तानीमा समस्या आउने र यसले गर्दा भारतबाट स-सानो परिमाणमा हुने आयातलाई अवैध बाटोतर्फ धकेलिरहेको संकेत मिलेको भन्दै त्यसमा पनि ध्यान दिन संघले आग्रह गरेको छ ।

## काठमाडौं....

नयाँ कार्यसमितिको कार्यकाल दुई वर्षसम्म रहनेछ ।

## देउवा......

मध्ये ८६ सिटको भागबण्डा सुल्झिन्छ । र, बाँकी रहन्छ ७९ सिट ।

**दोस्रो सिद्धान्त : खुद्रा सिटको भागबण्डा मिलाउने**

भागवण्डा गर्नुपर्ने बाँकी ७९ सिट भनेको एमालेले जितेका ६७, राजपाले जितेका १० र राप्रपा तथा नेमकिपाले जितेका २ सिट हुन्। एमालेले जितेका ८० मध्ये १३ सिट एकीकृत समाजवादीको भागमा पर्ने देखिन्छ भने राजपाका महिन्द्र यादव बाबुराम भट्टराईतिर लागेकाले सर्लाहीमा एकसिट यादवलाई छाड्नुपर्ने देखिन्छ । यसअघि गठबन्धनले नजितेका ७९ सिटको भागबण्डा कसरी गर्ने त ? यसमा पनि एउटा सिद्धान्त अपनाउन सकिने नेताहरु बताउँछन् ।

**जस्तै**

भक्तपुर १ मा नेमकिपाले जितेको थियो भने नेपाली कांग्रेस दोस्रो स्थानमा आएको थियो। निकटतम प्रतिस्पर्धी कांग्रेस भएकाले भक्तपुर १ कांग्रेसलाई दिने । झापा ३ मा राप्रपाका राजेन्द्र लिङ्देनले जितेका थिए । त्यहाँ पनि कांग्रेस निकटतम प्रतिस्पर्धी थियो, त्यो पनि कांग्रेसलाई दिने ।

त्यस्तै सत्ता गठबन्धनमा नरहेको राजपा (हालको लोसपा) ले ०७४ मा जितेका सप्तरी ३, धनुषा ३, महोत्तरी २, रौतहट १ र पर्सा ४ मा नेपाली कांग्रेस दोस्रो प्रतिस्पर्धी नेपाली कांग्रेस नै रहेकाले ती क्षेत्र पनि कांग्रेसलाई दिने। यसो गर्दा राजपा, राप्रपा र नेमकिपाले जितेका ७ सिट कांग्रेसको भागमा पर्छन् ।

यसअघि राजपाले जितेका सिरहा ४, महोत्तरी ३, सर्लाही १, बारा ४ र कैलाली १ मा तत्कालीन नेकपा (एमाले र माओवादी) दोस्रो स्थानमा आएकाले यी ५ सिट माओवादीलाई छाडिदिने। र, यी पाँचमध्येबाट माओवादी, एकीकृत समाजवादी र जसपाले उपविभाजन पनि गर्न सक्छन् ।

यो दोस्रो सिद्धान्तमा जाँदा कांग्रेसले पाउने कुल सिट ३० र माओवादीले ४१ हुन जान्छ। १६५ मध्ये ९८ सिटको भागबण्डा सकिन्छ र बाँकी रहन्छन् ६७ सिट। यी ६७ सिट यसअघि नेकपा एमालेले जितेका सिट हुन् ।

तेस्रो सिद्धान्त : एमालेले जितेका ठाउँमा उपविजेतालाई प्राथमिकता

पहिले जितेका सिटहरु र राजपा, नेमकिपा, राप्रपाका सिट पनि उपविजेतालाई भाग लगाइसकेपछि बाँकी रहेका सिटको भागबण्डा कसरी गर्ने भन्नेमा समस्या पर्न सक्ने देखिन्छ।

किनभने, ०७४ को चुनावमा ६४ वटा सिटमा एमालेको उपविजेता नेपाली कांग्रेस थियो। उपविजेताको हैसियतले कांग्रेसले ती ६४ सिटमा दाबी गर्यो भने कांग्रेसको भागमा पहिले जितेका २३, राजपा र साना दलबाट ७ र एमालेले जितेकाबाट ६४ गरी कुल ९४ सिट पर्न जान्छ । त्यसमा विगतमा राप्रपा(कांग्रेस गठबन्धन बनेर दोस्रो स्थानमा आएका काठमाडौं ७, सिन्धुपाल्चोक २, मकवानपुर १, रुपन्देही ३ र दैलेख १ मा समेत कांग्रेसले दाबी गर्यो भने उसको भागमा ९९ सिट पर्न जान्छ । त्यस्तै सुनसरी १ मा संघीय फोरम दोस्रो स्थानमा आएका कारण त्यो सिट उसले माग्न सक्छ । त्यस्तै सिराहा ३ मा पनि एमालेसँग संघीय फोरम दोस्रो स्थानमा आएकाले त्यो पनि फोरमले माग्न सक्छ। राजपाले जितेको महोत्तरी ३ मा एमालेपछि संघीय फोरम तेस्रो स्थानमा रहेकाले त्यहाँ फोरमले दाबी गर्न सक्छ। यस्तो स्थितिमा उपेन्द्र यादवको पार्टीले पहिले जितेका १० सिटमा बढाएर कम्तिमा १३ सिटमा दाबी गर्नु स्वाभाविक देखिन्छ ।

०७४ को चुनावमा माओवादीले एमालेसँग तालमेल गरेका कारण एमाले पहिलो र माओवादी दोस्रो रहेको कुनै पनि नतिजा छैन। कांग्रेस पहिलो र माओवादी दोस्रो बनेका ठाउँमा स्वतः कांग्रेसले दाबी गर्ने देखिन्छ भने माओवादी पहिलो र कांग्रेस दोस्रो भएका ठाउँमा माओवादीले स्वतः दाबी गर्ने देखिन्छ । बरु के चाहिँ हुन सक्छ भने एमाले पहिलो र कांग्रेस दोस्रो बनेको ठाउँबाट समेत माओवादीले केही सिटहरु दाबी गर्न सक्छ ।

**समग्र हिसाब : १००/६५**

भागबण्डामा माथिका तीनवटा सिद्धान्त अपनाउँदा अघिल्लो बिजेता र उपविजेता संख्याका आधारमा नेपाली कांग्रेसले एक्लै १ सय सिटको हाराहारीमा दाबी गर्नु स्वाभाविक देखिन्छ। बाँकी ६५ हाराहारी सिट माओवादी, एकीकृत समाजवादी, जसपाका दुई गुट, राजमो र स्वतन्त्रलाई भाग लगाउनुपर्ने देखिन्छ ।

**उपगुटको भागबण्डा**

कांग्रेसबाहेक अरुले ६५ सिटमा भागवण्डा गर्नुपरेमा कस्तो हिसाब निस्केला ? हुम्ला स्वतन्त्र (माओवादी?) लाई छाड्नैपर्यो। प्युठान राष्ट्रिय जनमोर्चालाई दिनैपर्यो। बाबुराम र महिन्द्र यादवलाई दुई सिट छाड्नुपर्यो। उपेन्द्र यादवले ०७४ को बिजेता र उपबिजेताको आधारमा १३ सिट मागे भने दिनैपर्यो। यसअघि राजपाले जितेकाबाट पनि यादवले केही सिट मागे भने उनलाई १५ सिटसम्म दिनुपर्ने हुन सक्छ । यसो गर्दा माओवादी र एकीकृत समाजवादीका भागमा ६५ मध्येबाट ४६ सिटमात्र बाँकी रहन्छ । यसमा माओवादीले पहिलेका ३६ र एकीकृत समाजवादीले १३ सिट कायम राख्न कांग्रेसले ९७ मात्र लिएर तीन सिट थपिदिनुपर्ने हुनसक्छ। या, उपेन्द्र यादवले १२ सिटमा चित्त बुझाउनुपर्ने हुन सक्छ । भित्री सूत्रहरुका अनुसार लेनदेनका क्रममा नेपाली कांग्रेसले ९५ सिट आफूले लिएर ७० सिट अरुलाई छाडिदिन सक्ने नेताहरु बताउँछन् । विगतमा निर्वाचन क्षेत्र कसले जितेका थिए, तथ्यमा हेरौं ।

**०७४ एमालेले जितेका ८० सिट**

ताप्लेजुङ, पाँचथर, इलाम १, इलाम २, झापा २, झापा ४, झापा ५, संखुवासभा, तेह्रथुम, धनकुटा, मोरङ १, मोरङ ३, मोरङ ६, सुनसरी १, खोटाङ, ओखलढुंगा, सिराहा ३, धनुषा ४, दोलखा, सिन्धुली १, धादिङ १, धादिङ २, नुवाकोट २, काठमाडौं २, काठमाडौं ३, काठमाडौं ५, काठमाडौं ७, काठमाडौं ८, काठमाडौं ९, भक्तपुर २, ललितपुर १, ललितपुर २, काभ्रेपलाञ्चोक २, सिन्धुपाल्चोक २, मकवानपुर १, मकवानपुर २, चितवन १, चितवन २, मनाङ, कास्की १, कास्की २, कास्की ३, तनहुँ १, तनहुँ २, स्याङजा १, स्याङजा २, नवलपरासी सुस्तापूर्व २, मुस्ताङ, म्याग्दी, पर्वत, गुल्मी १, गुल्मी २, पाल्पा १, पाल्पा २, रुपन्देही १, रुपन्देही २, रुपन्देही ३, कपिलवस्तु २, दाङ १, दाङ ३, बाँके ३, नवलपरासी सुस्ता पश्चिम १, डोल्पा, मुगु, दैलेख १, दैलेख २, सुर्खेत १, सुर्खेत २, बाजुरा, अछाम १, अछाम २, बझाङ, डोटी, कैलाली २, कैलाली ५, दार्चुला, बैतडी, कञ्चनपुर २, कञ्चनपुर ३।

**एकीकृत समाजवादीमा गएका प्रत्यक्ष सांसद**

इलाम १, तेह्रथुम, काठमाडौं २, काठमाडौं ८, ललितपुर २, मकवानपुर २, तनहुँ १, पाल्पा, दाङ १, दाङ ३, डोटी १, डोल्पा, मुगु,

**माओवादीले जितेका ३६ सिट**

झापा १, भोजपुर, मोरङ १, मोरङ ४, सोलुखुम्बु, उदयपुर २, सिरहा २, धनुषा १, महोत्तरी १, सर्लाही ३, रौतहट ३, रामेछाप, सिन्धुली २, नुवाकोट १, ललितपुर ३, काभ्रेपलाञ्चोक १, सिन्धुपाल्चोक १, चितवन ३, गोरखा १, लमजुङ, बाग्लुङ २, अर्घाखाँची, कपिलवस्तु १, रुकुमपूर्व, रोल्पा, दाङ २, बाँके १, बर्दिया २, सल्यान, जुम्ला, कालिकोट, जाजरकोट, रुकुमपश्चिम, कैलाली ३, कैलाली ४, कञ्चनपुर १

**नेपाली कांग्रेसले जितेका २३ सिट**

मोरङ २, सुनसरी २, सुनसरी ३, सुनसरी ४, उदयपुर १, सप्तरी ४, सिराहा १, सर्लाही ४, रौतहट २, रौतहट ४, बारा १, रसुवा, काठमाडौं १, काठमाडौं ४, काठमाडौं ६, काठमाडौं १०, नवलपरासी सुस्तापूर्व १, रुपन्देही ४, रुपन्देही ५, कपिलवस्तु ३, बर्दिया १, नवलपरासी सुस्तापश्चिम २, डडेलधुरा ।

**संघीय समाजवादी फोरमले जितेका १० सिट**

सप्तरी १, सप्तरी २, धनुषा २, महोत्तरी ४, बारा २, बारा ३, पर्सा १, पर्सा २, पर्सा ३, बाँके २,

**राजपाले जितेका ११ सिट**

सप्तरी ३, सिराहा ४, धनुषा ३, महोत्तरी २, महोत्तरी ३, सर्लाही १, सर्लाही २, रौतहट १, बारा ४, पर्सा ४, कैलाली १।

**अन्य दल र स्वतन्त्रले जितेका ६ सिट**

नयाँशक्ति पार्टी( गोरखा २, राप्रपा( झापा ३, राष्ट्रिय जनमोर्चा(प्युठान, नेमकिपा भक्तपुर १ र स्वतन्त्र(हुम्ला ।

**एकसीटे जिल्ला भाग लगाउन अप्ठ्यारो**

दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाहरुमा सीट भागवण्डा गर्न जति सजिलो छ, एउटा मात्रै निर्वाचन क्षेत्र रहेको जिल्लामा भाग लगाउन स्थानीय रुपमा गाह्रो पर्ने नेताहरु बताउँछन् ।

# अन्तराष्ट्रिय समाचार

## मेक्सिकोमा हेलिकोप्टर दुर्घटना हुँदा १४ सैनिकको मृत्यु

मेक्सिकोमा हेलिकोप्टर दुर्घटना हुँदा १४ जना समुद्री सैनिकको मृत्यु भएको छ । देशको उत्तरी भागमा शुक्रबार भएको उक्त दुर्घटनामा उनीहरूको ज्यान गएको हो । लागूऔषध तस्करी एवम् ओसारपसारमा संलग्नहरूलाई पक्राउ गर्न खटिएका समुद्री सैनिक हेलिकोप्टर दुर्घटनामा मारिएका मेक्सिकोको नौसेनाले शनिबार जनाएको छ । दुर्घटनामा एकजना भने बाँचेका छन् ।

नौसेनाको स्वामित्वमा रहेको ब्ल्याक हक हेलिकोप्टरले उत्तरी राज्य सिनालोआमा एकदिन अघि पक्राउ परेका गुआडालाजारा कार्टेलका संस्थापक राफेल कारो क्विन्टेरो बोकेको अर्को विमानको सुरक्षा गरिरहेको थियो । दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति नौसेनाले शोक व्यक्त गरेको छ । दुर्घटनाको कारण अज्ञात छ । कथित लागूऔषध तस्करको गिरफ्तारीका कारण उक्त दुर्घटना नभएको नौसेनाले जनाएको छ । राफेललाई संयुक्त राज्य अमेरिकाले आफ्ना अधिकारी एनरिक क्यामरेना सालाजारको हत्या गरेकाले निजलाई अमेरिकासमक्ष सुपुर्दगी गर्नुपर्ने माग गर्दै आएको छ । यसै विषयलाई लिएर मेक्सिको र अमेरिकाबीचको सम्बन्ध केही समय तनावपूर्ण भएको थियो ।

## पोर्चुगल र स्पेनमा गर्मीका कारण ३ सय जनाको ज्यान गयो

पोर्चुगल र स्पेनमा गर्मीका कारण ३ सय जना भन्दा धेरैको ज्यान गएको छ । गर्मीका कारण कयौं मानिस समस्यामा परेको र जनजीवन अस्तव्यस्त बनाएको बीबीसीले जनाएको छ । पोर्चुगलमा आगो निभाउने क्रममा जहाज दुर्घजना हुँदा पाइलटको ज्यान गएको छ । युरोपका ३ वटा देशका जंगलमा भीषण आगलागी पनि भइरहेको छ । स्पेन, पोर्चुगल र दक्षिण पश्चिमी फ्रान्सको जंगलमा भीषण आगलागी भइरहेको र यसले समग्र युरोपमा तातो हावा फैलन सुरु गरेको खबरमा उल्लेख छ । बढ्दो गर्मीका कारण अग्नि नियन्त्रकलाई आगो नियन्त्रणमा लिन निकै हम्मे हम्मे परेको छ ।

आगोले फ्रान्सको गिरोन्डे क्षेत्र सखाप पारेको छ । ११ हजार भन्दा धेरै मानिसलाई सुरक्षित ठाउँमा सारिएको छ । स्पेनको कोस्टा डेल सोल क्षेत्रको पहाडबाट ३ हजार ३ सय मानिस सुरक्षित ठाउँमा भाग्न सफल भएका छन् । गएको मंगलबार यता पोर्चुगलको तापक्रम ४७ डिग्रि र स्पेनमा ४० डिगी सेल्सियस भन्दा धेरै तापक्रम मापन गरिएको खबरमा उल्लेख छ । पोर्चुगलमा मात्रै ३० हजार हेक्टर जंगल आगोले नष्ट गरेको छ । यो सन् २०१७ मा १ सय जनाको ज्यान जानेगरी फैलिएको डढेलोपछिकै ठूलो भएको बीबीसीले जनाएको छ । युरोपका अरु देश पनि गर्मी र तातो हावाले प्रभावित भएका छन् । इटलीका केहि उपत्यकालाई सरकारले सुख्खग्रस्त क्षेत्र घोषणा गर्दै आपत्काल घोषणा गरेको छ । उत्तरी मोरक्कोमा आगो फैलिएपछि दर्जनौ गाउँ खाली गर्नुपरेको छ ।

फ्रान्सको तापक्रम पनि ४० डिग्री सेल्सियस भन्दा माथि पुगेको छ । आउँदो हप्ता तापक्रम थप बढ्ने चेतावनी जारी भएको छ । मानव प्रेरित जलवायु परिवर्तनको ठूलो असर युरोपले भोगिरहेको छ ।

## अमेरिकामा १ हजार जनाभन्दा धेरैमा मङ्कीपक्स सङ्क्रमण पुष्टि

अमेरिकामा एक हजार जनाभन्दा धेरैमा मङ्कीपक्स भाइरसको सङ्क्रमण पुष्टि भएको छ । अमेरिकामा ४३ वटा राज्यमा भेटिएको सङ्क्रमणबाट एक हजार जनाभन्दा धेरै बिरामी भएका हुन् । अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी) को पछिल्लो तथ्याङ्क अनुसार क्यालिफोर्नियामा सबैभन्दा धेरै एक सय ६१ जना मङ्कीपक्सबाट सङ्क्रमित छन् । त्यसैगरी न्युयोर्कमा एक सय ५९ र इलिनोइसमा एक सय ५२ जनामा सङ्क्रमण पुष्टि भएको सीडीसीले जनाएको छ ।

अमेरिकी स्वास्थ्य तथा मानव सेवा विभागको पछिल्लो तथ्याङ्क अनुसार बिफर र मङ्कीपक्स रोकथामका लागि उपलब्ध अमेरिकी खाद्य तथा औषधि प्रशासनद्वारा अनुमति प्राप्त खोप (जेवाईएनएनईओएस) को एक लाख ३२ हजारभन्दा बढी मात्रा देशव्यापी रूपमा लगाइएको छ । मङ्कीपक्सका सङ्क्रमित बढ्दै गएपछि स्थानीयस्तरमा खोपको अभावसमेत देखिएको छ ।

## ब्लेयरले भने : पश्चिमा देशका लागि चीन सबैभन्दा ठूलो खतरा

काठमाडौं । बेलायती पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले पश्चिमा देशका लागि चीन सबैभन्दा ठूलो खतरा भएको बताएका छन् । उनले विश्वको दोश्रो महाशक्तिको रुपमा देखिन थालेको चीनको सामना गर्न सबै पश्चिमी देशलाई एक भएर लाग्न आह्वान गरेका छन् । डिचले फाउन्डेसनको समारोहमा गरेको सम्बोधन उनले पश्चिमा देशका राजनीतिक र आर्थिक प्रभुत्वको युग समाप्त हुन लागेको बताए । उनले भने, 'पश्चिमा देशले चीनको सामाना गर्नका लागि मिलेर शक्तिशाली तथा व्यावसायिक नीति बनाउनु आवश्यक छ ।' उनले आफ्नौ शैन्य शक्तिलाई कायम राख्न पश्चिमा देशले बजेट बढाउनु पर्ने पनि बताए । उनले भने, 'प्राबिधिक क्षेत्रमा चीनले अमेरिकाको जत्तिकै पकड बनाएको छ, यो शताब्दीमा भूराजनीतिक परिवर्तनको कारण रुस होइन, चीन हुनेछ, चीनका राष्ट्रपति सि जिनपिङले धेरै चोटी ताइवानमा कब्जा गर्ने इच्छा व्यक्त गरिसकेका छन् ।

## ब्लेयरले भने : पश्चिमा देशका लागि चीन सबैभन्दा ठूलो खतरा

काठमाडौं । बेलायती पूर्वप्रधानमन्त्री टोनी ब्लेयरले पश्चिमा देशका लागि चीन सबैभन्दा ठूलो खतरा भएको बताएका छन् ।

उनले विश्वको दोश्रो महाशक्तिको रुपमा देखिन थालेको चीनको सामना गर्न सबै पश्चिमी देशलाई एक भएर लाग्न आह्वान गरेका छन् ।

डिचले फाउन्डेसनको समारोहमा गरेको सम्बोधन उनले पश्चिमा देशका राजनीतिक र आर्थिक प्रभुत्वको युग समाप्त हुन लागेको बताए । उनले भने, 'पश्चिमा देशले चीनको सामाना गर्नका लागि मिलेर शक्तिशाली तथा व्यावसायिक नीति बनाउनु आवश्यक छ ।'

उनले आफ्नौ शैन्य शक्तिलाई कायम राख्न पश्चिमा देशले बजेट बढाउनु पर्ने पनि बताए ।

उनले भने, 'प्राबिधिक क्षेत्रमा चीनले अमेरिकाको जत्तिकै पकड बनाएको छ, यो शताब्दीमा भूराजनीतिक परिवर्तनको कारण रुस होइन, चीन हुनेछ, चीनका राष्ट्रपति सि जिनपिङले धेरै चोटी ताइवानमा कब्जा गर्ने इच्छा व्यक्त गरिसकेका छन् ।

# भुँई मान्छेहरुको समस्याको जुलुस



**प्रेमा संगम**
कालिनचोक -६,दोलखा
हाल काठमाडौ

आधारभुत आवश्यकताकै खातिर
चुलोदेखि चिहानसम्म
पुच्छरदेखि सिरानसम्म
सारङ्गी जस्तै रेटिएर
एकमुठ्ठी सास रहेसम्म
सधैं भुईमान्छेहरुलाई
समस्याहरुको जुलुसले
समाजमा,देशमा र विश्वमा
विधि,पध्दति र शासकहरुले
नजरबन्द गरेर
पैतालाको धुलो बनाइरहन्छन ।

पुंजीवाद,समाजवाद र साम्यवाद जस्तै
अरु धेरै वादहरुले भन्दा पनि
गाँस,बास र कपासले सताउछ
बहुमत र बलशाहिकै आधारमा
मिति पुगेका वादहरु लादेर
भुँईमान्छेहरुको जीवनमा
समस्याहरुको जुलुस खडा गरेका हुन् ।

त्यसैले भन्छन,
शासक,प्रशासकहरुले
तिमीहरू साना मान्छे हौ
तिमीहरू भुँइमान्छे हौ
कुवाका भ्यागुता हौ
यसरी कैयौं वर्षदेखि
शक्तिको आड लागेर
मुठ्ठीभरका मान्छेहरुले
समस्याको जाल बिच्छ्याएर
दमन,शोषणको चक्र चलाइरहे
हामी सोझा भुँईमान्छेहरु माथि
र त,
समस्याको जुलुसले घेरेर
दुःखको नजरबन्दमा कैदी जस्तै
पिडाको पहाड बोकेर
पुस्तौ औ पुस्ता मौन बाँचेका छौ ।

हामी भुँईमान्छेहरुलाई जुन शासन भए पनि
शासन,सत्ताले मिचेकै छ
झुटो आश्वासनले थिचेकै छ
शिक्षाको उज्यालो ज्योति खोज्दा
सगरमाथा जस्तै अग्लो महंगी भेटिन्छ
स्वास्थ जीवन खोजेर अस्पताल पुग्दा
घर,जग्गा धितो राखेर
सुकुम्बासी बन्न तयार हुनुपर्छ
तर
अचेल हरेक पार्टीका घोषणापत्र हेर्दा,सुन्दा
देशको संविधान पल्टाउदा
निःशुल्क शिक्षा र स्वास्थ त
एकाईसौ शताब्दीको युगमा पनि
दिवास्वपना जस्तै छ
हामी भुँईमान्छेहरुका लागि ।

आफ्नो अस्तित्वको लागि लड्दा
शरीर हाम्रो हुन्छ
सास हाम्रो हुँदैन
आश हाम्रो हुन्छ
गाँस हाम्रो हुदैन
श्रम,सीप हाम्रो हुन्छ
बास,कपाल हाम्रो हुँदैन
हामी भुँईमान्छहरु सधैं
मुसा दौडमा दौडिएर
जीवन धान्नकै लागि
समस्याहरुको जुलुसले घेरिएर
मृत्युशैयामा छट्पटाइरहन्छौ
अरुले देखाएका सपनाहरु बोकेर
सधै बिटुलो बनेर
संसारका हामी भुँइमान्छेहरु ॥

# बिनेसामले आदिकवि भानुभक्त २०८ औं जन्म जयन्ती भर्चुअल गरि मनाएको छ

काठमाडौ । विश्व नेपाली साहित्य महासंघ नेपाल शाखाको आयोजनमा तथा विनेसाम प्रदेश १, लुम्बिनी प्रदेश ५,बककाके जिल्ला र काठमाडौं जिल्ला शाखाहरुको सह आयोजनमा राष्ट्रिय विभूती आदिकवि भानुभक्त आचार्यको २०९ औं जन्म जयन्तीको अवसरमा □सिर्जना र भानु विमर्श कार्यक्रम भर्चुअल माध्यमबाट असार २८ गते भव्यताका साथ सम्पन्न गरेको छ ।

उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेश नं ७ कार्य समिति घोषण र नेपाल शाखा कि अध्यक्ष कल्पना पौडेल 'जिज्ञासु' को नयाँ कृति नीतिकथा सङ्गह को आवरण पनि सार्वजनिक गरिएको थियो । शाखाकि अध्यक्ष कल्पना पौडेल को सभापतित्व र प्रमुख अतिथि प्रा. डा. ब्रतराज आचार्यको प्रमुख आतिथ्यतामा गरिएको कार्यक्रममा विशिष्ट साहित्यिक व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

४५ जना भन्दा बढी साहित्यकार हरूको विशेष उपस्थितिमा भएको कार्यक्रममा प्रमुख अतिथि,विशिष्ट अतिथिहरू र २५ जना भन्दा धेरै साहित्यकारहरूले भानुभक्त सम्बन्धि मन्तव्य र रचनाबाचन गरेर स्मरण गर्नुभएको थियो ।

अनलाइन कार्यक्रम भएता पनि निकै व्यवस्थितरुपमा व्यवस्थापन गरिएको भन्दै प्रमुख अतिथि प्रा. डा. ब्रतराज आचार्यले भानुभक्तको बारेमा आफ्ना भनाइहरु राख्नु भएको भयो । प्रमुख अतिथिद्वारा कल्पना पौडेल जिज्ञासुको चौथो कृती 'कल्पदीप' नीति कथा सङ्गहको आवरण सार्वजनिक गरिएको थियो ।

शाखाकि अध्यक्ष ले विनेसाम




सुदुरपश्चिम शाखा समिति धोषणा गर्नुभएको थियो। धोषणा पछी नव गठित समितिका अध्यक्ष बाबुराम आचार्यले आफ्नो भनाइ राख्नु भएको थियो ।

प्रमुख अतिथि :-प्रा डा ब्रतराज आचार्य,

विशिष्ट अतिथिहरू :-

विनेसाम विश्व केन्द्रीय अध्यक्ष सुरेन्द्र लिम्बु परदेशी ,प्रा.डा. राजेन्द्र बिमल, प्रा.डा. कुशमाकर न्यौपाने ( पोखरा),प्रा.डा. गोविन्द मानसिंह कार्की,

डा. रामभरोस कापडी( जनकपुर),डा. प्रभा भट्टराई ,सुनिता राई कन्दङवा

अतिथिहरु :- कवि बलराम दाहल ,कवि मणिराज सिंह, कवि भैरवी भूगोल,कवि अमृता स्मृति साहित्यिक मनहरुको आथित्यता रहेको थियो ।

बिनेसाम नेपाल शाखाबाट वरिष्ठ उपाध्यक्ष केसु पोखरेल खनाल , उपाध्यक्ष सीता विष्ट कार्की,सचिव कृष्ण के सी ,सह सचिव गंगा आचार्य सापकोटा ,कोषाध्यक्ष बसु श्रेष्ठ, सह कोषाध्यक्ष बिमला शर्मा ढुंगाना सदस्यमा -कल्पना राइको,रजनी शर्मा,बिमला अधिकारी देवकोटा,यामनाथ सुवेदी लगायतको उपस्थिति रहेको थियो । विनेसाम प्रदेश नं १ को सल्लाहकार कृष्ण प्रसाद गौतम ,हिमाल पौडेल,आर्त अकुलीन,गणेश कार्की ,राधिका गुरागाई,कवि भीम विरही राई, तोयानाथ अधिकारी , सुधा मिश्र ,चुडा निर्भिक ,सरस पाण्डे ,इन्दिरा गौतम ,उर्मिला पन्त , सारदा आचार्य ,अनिता कोइराला लगायत उपस्थित ५० जना भन्दा धेरैले शुभकामना र रचना बाचन गर्नु भएको थियो, नेपाल शाखाकी उपाध्यक्ष सीता बिस्ट कार्कीले स्वागत मन्तब्य राख्नु भएको थियो भने कार्यक्रम को सन्चालन विनेसाम नेपाल शाखाकी महासचिव अम्विका याम्फु अनमोल, बागमती शाखाका सचिव माधव विडारी,काठमाडौं शाखाका अध्यक्ष जनार्दन अधिकारी धड्कन,लुम्बिनी प्रदेश शाखा अध्यक्ष लेक प्रसाद प्याकुरेल र बाँके शाखा अध्यक्ष गिता अर्याल ले आलोपालो गर्नुभएको थियो ।

# आउन साथी आउ स्वदेश गानको चौथो पटकको सुटिङ काठमाडौमा सम्पन्न

काठमाडौ । जनआकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीद्धारा रचना गरिएको आउन साथी आउ बोलको स्वदेश गान मितिः २०७९ असार ३२ गते प्रज्ञा भवनको प्रगणमा सुटिङ गरिएको छ ।

तेस्रो चरणको सुटिङ रामेछाप जिल्लाको रामेछाप नगरपालिका वाडन



८ मा गरिएको थियो भने अन्य बिभिन्न जिल्लामा भुगोलको सुटिङ सकिसकेको छ ।

चौथो चरणको सुटिङमा रचनाकार मोहन कार्कीले पनि संयुक्त अभिनय गरेको भिडियोमा वरिष्ठ कलाकार उत्तम केसी, वरिष्ठ तथा चर्चित हस्य व्याग्य कलाकार सुवास गजुरेल, चर्चित नायक सित्तल केसी, कलाकार तथा निर्माताहरु लक्ष्मीनाथ तिमिल्सिना, बिजेन्द्र नौवागे अन्य अभिनय गर्ने कलाकारहरु सविता खड्का,गायत्री पाण्डे, कल्पना कार्की, प्रतिक्षा राई, श्रुती कार्की, सोनिका मगर, प्रतिषा तामाङ,आर्य शाही ठकुरी, उद्धवलाल श्रेष्ठ, श्री कार्की रहेका छन् ।

उक्त गीतको सुटिङको कोरियोग्रफी तथा निर्देशन प्रेम शर्मा पौडेलले गरेका छन् भने क्यामेराको प्रस्तुतीमा बिजय जिरेलले छायाङकन गरेका छन् ।

उक्त स्वदेश गानको भिडियो जनआकाश साप्ताहिकको १५ औ बार्षिक उत्सव पारेर साउन ३१ गते भव्य कार्यक्रम गरी बिमोचन गराउने जनआकाश मिडियाको तयारी रहेको जनआकाश मिडियाका अध्यक्ष मोहन कार्कीले बताएका छन् ।

आउन साथी आउ स्वदेश गानको संगीत र संगीतसंयोजन रामकृष्ण थापाले गरेका हुन् भने विनोद दनुवारले गाएका छन् उनलाई संयुक्त गायनमा मनु दाहाल, उषा गजुरेल, रमेश पाठक लगायतले साथ दिएका छन् ।

उक्त स्वदेश गान वेभ स्टिुडियो नेपाल अनामनगरले गरेको छ । रेकडिस समिर कार्कीले गरेका छन् ।

देशभक्ति भावनाले ओतप्रोत गीतले आम नेपालीहरुलाई देशप्रतिको भावना जागृत गर्नुको साथै हरेक क्षेत्रमा रहेका नेपालीहरुलाई देशसँग जोडेर उत्साह भर्ने उदेश्यले लेखिएको छ ।

गीतको शब्द यसप्रकार रहेको छ ।

आउन साथी आउ
सवै मिली विजयीको मिठो गीत गाउ
नेपाली हौ हामी नेपाल देश हाम्रो
चन्द्र सुर्य अंकित झण्डा राम्रो
हिमाल पहाड तराई सवै नेपालीको
खेल खेलाडीको किशान मजदुरको
देश विदेश जाहा रहेनी नेपाल नेपालीको

देश विदेश हामी खेल खेल्न जाउ
नेपाललाई विश्वसामु चिनाऔ
जातजाति भषा सवै नेपालीको
वीर गोर्खालीको सान नेपालीको
गाउ शहर जाहा रहेनि नेपाल नेपालीको
नारी पुरुष मिली देश विकास गरौ
युवा जुटी समाज निर्माण गरौ
मेची-कोशी-काली हामी नेपालीको
कर्म नेपालीको विश्वास नेपालीको
दुःख सुःख जेभएपनि सान नेपालीको

आउन साथी आउ
सवै मिली विजयीको मिठो गीत गाउ

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १/२०७७/०७८



# मकासको अन्तर्क्रिया सम्पन्न

काठमाडौं । सवारी साधनमा प्रयोग हुने क्लच र यससँग सम्बन्धित कम्पोनेन्टको उत्पादक मकास अटोमोटिभको मेकानिक्स मिट शनिबार सम्पन्न भएको छ। सो अवसरमा मकासका उत्पादन र यसको विशेषता वारेमा कम्पनीका प्रतिनिधि र मेकानिक्सहरु बीचमा अन्तरक्रिया भएको छ ।

मकास अटोमोटिभका जनरल म्यानेजर प्रमोद कुमारले सो अवसरमा कम्पनीको उत्पादन र यसको विशेषता वारेमा जानकारी प्रदान गरे । क्लच देखि ब्रेक लाइनिङ र फ्लाई ह्विल देखि बटन सम्म सबै रेन्ज उपलब्ध गराउने कम्पनी भएकाले सबैका लागि कम्पनी विश्वसनिय भएको उनले बताए । मेकानिक्स र ग्राहकको बीचमा सधैं सम्बन्ध बढाइरहने कम्पनीको लक्ष्य बमोजिम मन्दीको समयमा पनि राम्रो बजार लिएको उनको भनाइ छ । व्यस्तताको बाबजुद एमआरपी स्टिकरमा समेत आफ्नो मोबाइल नम्बर राखिएको र कुनै गुनासो भए सिधै सम्पर्क गर्न सकिने उनले बताए ।

मकास अटोमोटिभका मार्केटिङ म्यानेजर सलिम खानले कम्पनी सधैं नम्बर वान रहने कुरामा विश्वास गर्ने बताउदै जर्मन टेक्नोलोजी कम्पनी निभासँगको सहकार्यले कम्पनीको उत्पादन थप विश्वसनिय भएको बताए ।

नेपाल अटो मेकानिक्स व्यवसायी संघका अध्यक्ष ठाकुर प्रसाद न्यौपानेले नेपाली अटो मेकानिक्सहरुले गुणस्तरीय उत्पादनमा विश्वास गर्ने भएकाले मकासका उत्पादन लोकप्रिय रहेको बताए । कम्पनीले उपलब्ध गराउने विश्वसनिय सेवा र गुणस्तरीय उत्पादनका कारण भविष्यमा समेत यसको विश्वसनियता कायम रहने उनले विश्वास व्यक्त गरे ।

संघका निवर्तमान अध्यक्ष दीपक खड्काले गुणस्तरीय उत्पादन भन्दा स्किम बिक्री भइरहेको बजारमा मकासले फरक पहिचान कायम गरेको बताए । उनले कम्पनीप्रतिको विश्वास आगामी दिनमा समेत कायमै रहने अपेक्षा गरे ।

सो अवसरमा नेपालका लागि आधिकारिक वितरक जय चण्डेश्वरी अटोमोबाइल्स प्रालिका सञ्चालक सुरोजन शाक्य र अन्यले अटो




मेकानिक्सहरुलाई स्वागत गरेका थिए ।

सबै प्रकारका हेभी कमर्सियल भेइकल सम्म मकासको क्लच र अन्य कम्पोनेन्ट प्रयोग हुन्छ । नेपाली बजारमा समेत पहिले लोकप्रिय रहेको क्लच अटो सन् २०१८ मा बन्द भए पश्चात उही समूहले नै मकास अटोमोटिभ सञ्चालन गरिरहेको छ ।

कम्पनीले १६० डाया देखि ४३० डाया सम्म सम्पूर्ण रेन्जका क्लच उत्पादन गर्छ । भारतको चार स्थानमा यसको कारखाना छ । थ्री ह्विलर देखि फोर ह्विलर सबै गाडीमा यसको प्रयोग हुन्छ । टाटा मोटर्स, आइसर, अशोक लेल्यान्ड आदि गाडीमा यसको प्रयोग हुन्छ ।

क्लच प्लेट, कभर एसेम्बली, लिभर किट, प्रेसर प्लेट र क्लचसँग सम्बन्धित सबै कम्पोनेन्ट मकास अटोमोटिभले उत्पादन गर्छ ।

# दैनिक १६७ रुपैयाँ किस्तामा होन्डा साइन

काठमाडौं । होन्डाले दैनिक १६७ रुपैयाँ मासिक किस्ता बुझाउनेगरी साइन मोटरसाइकल किन्न सकिने स्कीम ल्याएको छ। होन्डा मोटरसाइकलको नेपालका लागि आधिकारिक विक्रेता स्याकार ट्रेडिङले दैनिक किस्तामा होन्डा साइन मोटरसाइकल खरिद गर्न सकिने स्कीम ल्याएको हो। यो स्कीममा होन्डा साइन खरिद गर्दा ग्राहकले दैनिक रुपमा किस्ता बुझाउन सक्नेछन् । यो स्कीम अन्तर्गत मोटरसाइकल किन्ने ग्राहकले सुरुमै ६० प्रतिशत डाउन पेमेन्ट गर्नु पर्ने हुन्छ। बाँकी ४० प्रतिशत रकम दैनिक १६७ रुपैयाँका दरले २ वर्षसम्ममा भुक्तानी गरिसक्नु पर्ने हुन्छ। कम्पनीका अनुसार यो स्कीममा ग्राहकले १६.७५ प्रतिशत ब्याज तिर्नु पर्छ । ग्राहकले घरमा नै बसेर दैनिक किस्ता बुझाउन सक्नेछन् । दैनिक किस्ता बुझाउन ग्राहकले इसेवा, खल्ती तथा आइएमई पे प्रयोग गर्न सक्नेछन् ।

यस्तो छ मोटरसाइकल

होन्डा साइनको दुई भेरियनटमा नेपाली बजारमा विक्री भइरहेको छ । कम्पनीले सीबी साइन एसपी र सीबी साइन विक्री गर्दै आएको छ । होन्डा साइनको सुरुवाति मूल्य २ लाख ४९ हजार ९०० रुपैयाँ रहेको भने टप भेरि यन्टको मूल्य २ लाख ७९ हजार ९०० रुपैयाँ रहेको छ। होन्डा साइनमा १२४.७ सीसी क्षमताको इन्जिन रहेको छ। उक्त इन्जिनले ७५०० आरपीएममा अधिकतम १०.५६ बीएच पावर प्रदान गर्ने छ भने, ५५०० आरपीएममा १०.३० एनएम टर्क प्रदान गर्छ । यसमा १०.५ लिटर क्षमताको इन्धन ट्याङ्क दिइएको छ । मोटरसाइकललाई आरामदायी बनाउन अगाडि टेलिस्कोपिक र पछाडि स्पीड लोडेड हाइड्रोलिक सस्पेन्सन दिइएको छ। कम्पनीले होन्डा साइनको माइलेज ५५ किलोमिटर प्रति लिटर दावी गरेको छ ।



# टाटा विङ्गर BS 6 काठमाडौंको सोल्टीमा सार्वजनिक

काठमाडौं । टाटा मोटर्स्को नेपालस्थित आधिकारिक वितरक सिप्रदी ट्रेडिङ्ग प्रा. लि.ले नयाँ टाटा विङ्गर Bs\ 6 नेपालीबजारमा सार्वजनिक गरेको छ । प्रिमियम टफ ढाँचामा तयार परिएको यस गाडी




कार्गो कम्पनी, विद्यालय र ट्राभल एजेन्सी लगायतका संस्थाहरुलाई उपयुक्त हुने सिप्रदीका सिइओ राजनबाबु श्रेष्ठले बताएका छन् ।

विङ्गर BS 6 नयाँ युगका त्यस्ता सू-सुचित ग्राहकहरु तर्फ लक्षित छ जो आकर्षक र आरामदायी गाडी मार्फत आफ्नो व्यापार/व्यवसायको उन्नति गर्न चाहन्छन्, कम्पनी स्रोत




बताउँदछ ।

२.२ लिटरको डाइकोर इन्जिन जडित विङ्गर BS 6 को टर्क अत्यन्त प्रभावकारी छ । त्यसैगरी इको स्विच एवं गियर सिफ्ट एडभाइजर जस्ता विशेषताले गर्दा यस गाडीले कम इन्धन खपत गरी उत्कृष्ट कार्यक्षमता प्रदान गर्दछ । हाइड्रोलिक सक एब्जर्बर भएको फ्रन्ट सस्पेन्सन एवं मोनोकक च्यासिस जस्ता विशेषता भएको यो गाडीले सुखद र आरामदायी यात्राको प्रत्याभूति गर्दछ ।

टाटाका विविध एवं बलिया कमर्शिएल रेञ्जका गाडीहरुलाई नेपाली ग्राहकहरुले लामो समयदेखि उत्साहका साथ रोजिरहनु भएको छ । कमभन्दा कम खर्चमा आफ्नो व्यापार/व्यवसाय अभिवृद्धि गर्न चाहनेहरुको लागि अत्यन्त उपयोगी छ । सिप्रदी ट्रेडिङ्गले दशकौ देखि उल्लेखनीय प्रतिबद्धताका साथ टाटाका गाडीहरुको बिक्री वितरण र सम्बन्धित सेवाहरु प्रदान गरिरहेको छ र टाटा विङ्गरल`यस्तै प्रतिबद्धताका साथ नेपाली बजारमा बजारीकरण गर्नेमा हामी पूर्णतःविश्वस्त छौं, टाटा मोटर्सको कमर्सिएल भेहिकल बिजनेस युनिट अन्तर्गतको इन्टरनेसनल बिजनेस एण्ड स्ट्र्याटिजीका उपाध्यक्ष अनुराग मेह्रोता बताउनु हुन्छ । उत्कृष्ट कार्य क्षमता भएको अत्यन्त भरपर्दो उत्पादन मार्फत ग्राहकलाई सन्तुष्टि प्रदान गर्ने टाटाको विरासतलाई यस विङ्गरले प्रतिनिधित्व गर्ने दवी कम्पनीले गरेको छ ।

त्यसैगरी सिप्रदी ट्रेडिङ्ग प्रा.लि.का कार्यकारी अध्यक्ष सिद्धार्थ शमसेर राणा भन्नुहुन्छ,नेपालकै एक प्रतिष्ठित ब्राण्डको रुपमा हामीले सदैव आफ्नो ग्राहकहरुलाई अन्तर्राष्ट्रियस्तरको उत्पादन एवं समुच्च कोटीको ग्राहक सेवाहरु प्रदान गरिरहेका छौं । टाटा मोटर्सको सहकार्यमा यस्ता उत्पादन तथा सेवाहरु हामीले विगत केही दशकदेखि नेपाली ग्राहकहरुलाई प्रत्याभूति गरिरहेका छौ ।

यसै सन्दर्भमा हामीले अहिले बिक्री वितरण आरम्भ गरेको विङ्गर द्यक ट विभिन्न प्रयोजनहरुको लागि अन्त्यन्त उपयुत्त ऽहुनु साथै कार्य क्षमताको दृष्टिकोणले पनि अब्बल छ। यसले छोटो समयमा नै नेपाली ग्राहकहरुको माया र विश्वास जित्ने हामीले अपेक्षा गरेका छौ ।

सुरक्षित यात्राको लागि विङ्गर स्कूलमा एबिसी सहितको प्रभावकारी ब्रेकिङ्ग प्रणाली जडान गरिएको छ । गाडी चलाउँदा बाहिरको दृश्य प्रष्ट रुपमा देखि नयाँ समाफायर डिटेक्सन तथा सप्रेसन सिस्टम एवं फगल्याम्पको व्यवस्था पनि छ। बालबालिकाको सुरक्षित एवं आरामदायी यात्राको लागि विङ्गर स्कूलमा आधुनिक विशेषताहरु छन् । विङ्गर कार्गो उच्च कार्यक्षमता एवं सर्वोत्कृष्ट डिजाइन चाहने अत्याधुनिक सहरी ग्राहकहरु तर्फ लक्षित छ । कार्गोको प्रभावकारी डेलीभरीको लागि आवश्यक गति, सुरक्षा एवं सुविधाको प्रत्याभूति यसले गर्ने दावी कम्पनीले गरेको छ ।

बाढीपहिरोबाट जोगिन

- जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउछ ।
- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु–क्षय रोक्ने खालका विरुवा रोपौं र संरक्षण गरौं ।
-आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
-बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं । आफु पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस